जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

संसद जनताप्रति उत्तरदायी हुनुपर्छ : नारायणदत्त भट्ट | पृष्ठ ५ मा



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ • अंक ३२३ • २०८१ साल बैशाख ९ गते आइतबार (21 April, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## शर्मा आज जसपामा प्रवेश गर्ने

**टुडे समाचारदाता**

जलेश्वर ।माओवादी केन्द्रबाट अलग भएका नेता एवं पूर्व संविधान सभासद रामकुमार शर्मा आइतवार जनता समाजवादी पार्टी(जसपा)मा प्रवेश गर्न लागेका छन् ।

माओवादीमा काम गर्ने अवसर प्राप्त नभएको बताउँदै पार्टी परित्याग गरेका शर्मालाई जसपामा भित्र्याउन उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत रहेका अध्यक्ष उपेन्द्र यादव शनिवार जनकपुरधाम आएका छन् ।

जसपाका राजनीतिक समिति सदस्य समेत रहेका पूर्व मन्त्री हरिनारायण यादवले महाधिवेशन तयारीको विषयमा दिनभरि नै बैठक भएको बताएका छन् ।आइतवार महोत्तरी जिल्ला समन्वय समितिको सभाकक्षमा मध्यान्ह सवा १२ बजे शर्माको नेतृत्वमा माओवादी केन्द्रिय सदस्य इन्दू शर्मा लगायतका नेताहरु प्रवेश गर्ने कार्यक्रम रहेको उनले बताएका छन् ।

शर्मा दम्पत्ती सांसद रहिसकेका छन् ।महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट राजनीति गर्ने शर्माको प्रवेशले जसपा सुदृढ हुने बताइएको छ ।लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का अध्यक्ष महन्थ ठाकुर निर्वाचित रहेको सो क्षेत्रमा कमै मतले जसपाका उम्मेदवार हरिनारायण यादव पराजित भएका हुन् ।

# ओली र नेपालबीच तिक्ता बढ्यो
# वाम एकता तत्काल मुश्किल

**टुडे समाचारदाता**



काठमाण्डु ।सत्ता गठबन्धनमा साथ रहेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालबीच तिक्तता बढेको छ ।

गठबन्धनबाट पाएको आश्वासन हावामा उर्न थालेको बेला नेकपा एसका अध्यक्ष नेपाल एमाले अध्यक्ष ओलीप्रति बढी अक्रामक बनेका छन् ।

एमाले अध्यक्ष ओलीलेपनि एसलाई दलको रुपमा स्वीकार्न समेत चाहिरकेका छैनन् ।गठबन्धनमा रहँदाको दोस्रो उपलब्धीको रुपमा प्राप्त गरेको सुदुरपश्चिम प्रदेशको सरकारमा एमाले सहभागि नहुने भएपछि नेपालको आक्रोश बढेको छ ।

एमाले अध्यक्षसित आक्रोशित बनेका एस अध्यक्ष नेपालले गौरमा सत्ता उथलुपथल गर्ने धम्की दिएको २४ घण्टा नबित्दै काठमाण्डुमा 'केप ीओली क्रिकेट प्रतियोगिता', 'केप ीओली फुटवल टुर्नामेन्ट' जस्ता प्रतियोगिताहरुको आयोजनामाथि प्रश्न उठाएका छन् ।

एमालेको शनिवार काठमाण्डुमा पार्टीको प्रतिनिधि परिषदको पहिलो बैठक सुरु भएको छ ।अध्यक्ष ओलीले बैठकलाई सम्बोधनगर्दै प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा वामपन्थी एकता वा अन्य कुनै पनि नाममा राजनीतिक शक्तिहरुबीच ध्रुवीकरण उचित नहुने बताएका छन् ।

'कुनै पनि विचार या शक्तिलाई निषेध गर्ने गरी वामपन्थी एकता या समाजवादी ध्रुव निर्माण गर्नु व्यवहारिक हुँदैन्' उनले भने, 'मुख्य प्रश्नहरुमा न्यूनतम समभ्रदारीको खाँचो छ, अनि विचार मिल्नेहरु माभ्र सहकार्य आवश्यक छ । '

'यति नै बेला निश्चित दल, विचार या शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुव या अन्य कुनै नाममा गरिने ध्रुवीकरण उचित, व्यवहारिक र लाभदायी हुँदैन', ओलीले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

अहिलेको सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण हुँदै जाँदा भोलि विचार मिल्नेहरु क्रमशः एक ठाउँमा हुन सक्ने छन् ' उनले भने , आजका दिनमा भने सबै सकारात्मक शक्तिहरुलाई साथ लिएर अगाडि बढ्नु बढी महत्वपूर्ण छ ।'

सत्तासिन माओवादी, नेकपा एस र जनता समाजवादी पार्टी(जसपा)बीच समाजवादी मोर्चा बनाउने सहमति भएको छ ।ओलीले हाल समाजवादी मोर्चाको संभवाना नरहेको आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन् ।उनले निषेधको राजनीति गर्न उचित नहुनेपनि बताएका छन् ।

कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं वर्षको अवसरमा एमालेले प्रतिनिधि परिषदको बैठक आयोजना गरेको हो ।

गठबन्धनमा भएको सहमति कार्यान्वयनमा एमाले अध्यक्ष ओली प्रमुख बाधक रहेको एस अध्यक्ष नेपालको आरोप छ ।'गठबन्धनमा हेप्ने प्रवृती नरोकिए सत्तालाई उथलपुथल गर्न सक्छु' नेपालले भने, एस स्वाभिमानको साथ आगाडी बढेको छ ।

कांग्रेससितको गठबन्धन भंग गरेर माओवादी अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड' ले एमालेसित गठबन्धनगरि सरकार गठन गरेपछि मात्र नेता नेपालसित सम्पर्क गरिएको थियो ।पार्टीको आन्तरिक दवावको कारण सत्ता गठबन्धनमा एस सहभागि भएपनि सहभागिताको क्रममा भएको सहमति कार्यान्वयन नभएपछि नेपाल आक्रोशित बनेका हुन् ।सुदुरपश्चिम प्रदेशमा सरकार गठनको क्रममा कांग्रेससित तालमेलगरि नागरिक उन्मुक्ति पार्टीलाई मुख्यमन्त्रीमा समर्थन गरेर एसले सत्ता छाड्ने संकेत गरेपनि दोस्रो दिन नै 'यू टर्न' भएको थियो ।

सत्ता गठबन्धनमा रहेको तेस्रो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को कारण सरकार दवावमा रहेको बेला नेकपा एसले दिन थालेको धम्कीले चुनौती थपिएको नेताहरु बताउँछन् ।










# छिन्नमस्ता गाउँपालिकामा डिजिटल एग्रीकल्चर रूम स्थापना गरिने

**टुडे समाचारदाता**

राजविराज । कृषिलाई आधुनिकीकरण गरी उत्पादन बढाउने उद्देश्यले छिन्नमस्ता गाउँपालिकाले थप एक कदम चालेको छ । पालिकाले कृषि सूचना तथा प्रशिक्षण केन्द्रको सहकार्यमा पालिकामा डिजिटल एग्रीकल्चर रूम स्थापना गर्न लागेको छ।

कृषकहरूको समस्या समाधानको लागि डिजिटल भिलेज इन्टिएटिभ(DVI) कार्यक्रम अन्तर्गत पालिकामा डिजिटल एग्रीकल्चर रुमको स्थापना गर्न लागेको पालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए।

'यस रूममा पालिकाको कृषि विज्ञ, पशु विज्ञ तथा कार्यक्रम विज्ञ रहने छन्, उनीहरूले कृषकको बालीमा आइपरेको रोग, समस्याको समाधान गर्नेछन्,'



अध्यक्ष चौधरीले भने।

उनले यस कार्यक्रम अन्तर्गत किसानहरूको मोबाइल फोनमा टेली प्वाइन्ट डाक्टर (Taily Point Doctor) नामको एप राख्ने बताए।

'कृषकहरूको मोबाइलमा यो एप राखिनेछ, जसबाट उनीहरूले आफ्नो बालीको फोटो खिचेर त्यसमा कुन किरा लागेको, के रोग हो थाहा पाउँछन् र त्यसको समाधान पाउँछन्, यो चौबिसै घण्टा प्रयोग गर्न सकिन्छ,' अध्यक्ष चौधरीले भने, 'फोटो खिचेर एग्रीकल्चर रूममा रहेको विज्ञसँग समेत समाधान पाउन सक्छन्।'

उनले पालिकामा कृषकहरुको सूचिकरण गरिने तथा सोलार वाटर पम्प समेत जडान गर्ने बताए। यसले कृषिमा कम लागतमा उत्पादन बढ्ने विश्वास व्यक्त गरे।

त्यस्तै यसअघि पालिकाले डिजिटिल सोइल म्यापिङ्ग (कम्प्युटरमा आधारित माटो नक्सांकन) कार्यक्रम गर्न लागेको छ।

जसले जग्गाहरूको फोसफोरस, पोटास, नाइट्रोजन, ओरगेनिङ्ग मेटर, टेक्सटल, जमिनहरुको किसिम लगायतको विषयबस्तुको डाटा पाउनेछन् । यसले जग्गाको अवस्था, जग्गामा मल खाद्यको लागि रणनिती बनाउन मदत गर्नेछ । जसले संतुलित मलखाद्यको प्रयोग र कृषि उत्पादन बढाउन तथा विषादीरहित उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास पालिकाले लिएको छ।

# पानको मधेश प्रदेश अध्यक्षमा झा



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रिन्सिपल एशोसिएशन अफ नेपाल (पान) को मधेश प्रदेश अध्यक्षमा श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक संजयकुमार झा चयन भएका छन्।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलको प्रमुख आतिथ्यमा तथा पानका केन्द्रीय प्रतिनिधि जगत धामी एवम् नेपाल शिक्षक संघ धनुषाका अध्यक्ष राम सिनेही यादव र नेपाल ट्रेड युनियन कांग्रेस धनुषाका अध्यक्ष महावीर दासको विशेष उपस्थित मा ८ वटै जिल्लाका प्रधानाध्यापकहरुको एक भेलाले उपाध्यक्षमा सुवाषकुमार यादव, महासचिवमा प्रमेन्द्रकुमार निधि, सचिवमा राम ईश्वर यादव, सदस्य सचिवमा गौरी शंकर चौधरी, सह-कोषाध्यक्षमा फिरन ठाकुरलाई चयन गरिएको छ भने सदस्यहरुमा धिरेन्द्र चौधरी, देवेन्द्र साह र माधवप्रसाद दाहाल रहेका छन्।

त्यस्तै जिल्ला कोर्डिनेटरमा पवनकुमार मण्डल, रामकिशोर महतो र मौजेलाल साहलाई चयन गरिएको जनाइएको छ।

# दिनानुदिन चर्किदै घाम गर्मीले सडक बजार सुनसान

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीसहित तराई क्षेत्रमा दिनानुदिन घाम चर्किदै गएको छ।

टन्टलापुर घाम लागेर अत्यधिक गर्मी हुन थालेसँगै सर्वसाधारण प्रभावित बनिरहेका छन्। सर्लाहीमा आज पनि बिहानैदेखि चर्को घाम लागेर अत्यधिक गर्मी हुँदा यहाँको सडक, बजारमा मानिसको आउजाउ निकै पातलो देखिन्छ।

चर्को घाम र गर्मीका कारण लालबन्दी, हरिवन, बागमती, बरहथवा, मलंगवा, बयलवास, हरिपुर, गोडैतासहित सम्पूर्ण हाटबजार सुनसान बनेका र व्यापार पनि निकै घटेको व्यापारीले बताएका छन्।

तराई क्षेत्रमा यो वर्ष बैशाख लागेसँगै गर्मी ह्वात्तै बढेको हो। हिजोआज रातको समयमा पनि



हपक्क गर्मी हुन थालेको छ । दिउँसोपख चर्को घामसँगै तातो हावा समेत चल्दा अत्यावश्यक काम परेर बाहिर निस्कनु पर्नेहरुसँगै मजदुर र किसान प्रभावित बनेका छन्।

चर्को घाम र तातो हावाले यस क्षेत्रमा तापक्रम बढ्दो छ। आज मध्यान्ह ठीक १२ बजे सर्लाहीको तापक्रम ३७ डिग्री सेल्सीयस मापन भएको छ।

गर्मी बढ्दै जाँदा मानिसमा गर्मीजन्य संक्रमण बढिरहेको चिकित्सकले बताएका छन्। उनीहरुले चर्को घाम लागेको समयमा सकेसम्म घरभित्रै बस्न, प्रशस्त पानी पिउन, शरीरलाई शित्तलता प्रदान गर्ने खानेकुरा खान, बाहिरी खानेकुरा सकभर नखान सुझाव दिएका छन्।

चर्को गर्मी र टन्टलापुर घाम लागिरहँदा कच्ची सडकहरुमा धुलोले स्थानीय र यात्रु प्रभावित बनिरहेका छन्।

# खुल्ला भलिबल प्रतियोगितामा बारा विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम। सात दिवसीय फिरन बाबा स्मृति खुल्ला भलिबल प्रतियोगितामा बाराको भलिबल टिम विजयी भएको छ।

धनुषाको बघचौडामा आयोजित खुल्ला भलिबल प्रतियोगिताको दास्रो संस्करण शनिबार भएको फाइनल खेल प्रतियोगितमा बाराको भलिबल टिमले प्रथम स्थान प्राप्त गर्न विजयी भएको छ।

बैशाख १ देखि सुरु भएको सो प्रतियोगिताको फाइनल खेलमा बाराको टिमले लगातर तीन सेट भलिबल खेल जितेर बघचौडाँको महाविर युवा क्लब टिमलाई हराउँदै प्रथम भएको छ। प्रथम विजेता बारा टिमलाई मेडलसहित १ लाख ११ हजार रुपैयाँको पुरस्कार प्रदान गरिएको छ।

त्यस्तै प्रतियोगिताको उपविजेता बघचौडाँका महाविर युवा क्लबलाई मेडलसहित ५५ हजार रुपैयाँ र तृतिय हुने टोकी भलिबल टिमलाई मेडलसहित २५ हजार रुपैयाँको पुरस्कार प्रदान गरिएको छ।

विजेता खेलाडीहरुलाई मधेश प्रदेशका प्रदेश सभामुख रामचन्द्र मण्डल, प्रतिनिधिसभा सदस्य मनिष झा, मधेश प्रदेशका तत्कालीन आन्तरिक मामिला तथा कानुन मन्त्रीसमेत रहेका फुटबल संघ मधेश प्रदेशका अध्यक्ष ज्ञानेन्द्र कुमार यादवसहितकाले मेडल तथा पुरस्कार वितरण गरेका थिए।

पुरस्कार वितरण कार्यक्रममा बोल्दै सभामुख मण्डलले विजेता खेलाडी तथा आयोजक संस्थालाई प्रशंसा गरे। विश्वमा आफ्नो देशलाई पहिचान दिलाउने माध्यम खेलकुद भएकोले यसमा तीनै तहको सरकारले लगानी लगाउनुपर्ने बताए।

सो कार्यक्रममा प्रतिनिधिसभा सदस्य झाले कुनै समय भलिबल खेलमा आफ्ना गाउँ अब्बल रहेपनि कालान्तरमा यूवाहरु वैदेशिक रोजगारतर्फ पलायन हुन थालेपछि खेलकुल प्रति युवाहरुको आकर्षण घट्दै गएको प्रति दुःख व्यक्त गरे । उनले खेलप्रति युवाहरुको आकर्षण बढाउनका लागिसमेत भलिबल प्रतियोगिताको आयोजना गरिएको बताए। उनले आफ्नो हजुरबुवाको नाममा खेल प्रतियोगिता स्थापना गरेको समेत खुलाए। प्रतिनिधिसभा सदस्य मनिष झाले आफ्नो हजुर बुबा फिरन झाको स्मृतिमा सो प्रतियोगिताको आयोजना केही वर्षदेखि गर्दै आएको छ।

पूर्वमन्त्री यादवले खेलकुदको विकासको लागि तीनै तहको सरकार गम्भिर भई यूवाहरुलाई खेलको माध्यमले दुर्व्यसनी र कुलतबाट जोगाउनका लागि भए पनि खेलकुदहरुको आयोजन गर्नुपर्ने बताए । सो प्रतियोगितामा विभिन्न २२ वटा टिमले सहभागि भएको बताए।

# नेपाललाई इन्द्रेणी पर्यटनको गन्तव्य बनाउने लक्ष्य

काठमाण्डु । नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा मायाको पहिचान नेपालद्वारा नेपालमा पहिलो पटक आयोजित इन्द्रेणी पर्यटन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन शनिबारदेखि सुरु भएको छ। दुई दिने सो सम्मेलनको मुख्य ध्येय नेपाललाई इन्द्रेणी पर्यटनको गन्तव्य बनाउने रहेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले सम्मेलनको उद्घाटन गर्नुहुँदै नेपालमा 'लैङ्गिक समानता नीति' २०७७ सालमा नै लागू भएको छ भन्नुभयो । उहाँले भन्नुभयो ,"लैङ्गिक समानता नीति अनुसार पहिलोपटक समलिङ्गी विवाह दर्ता भएको छ।" विगतमा मन्त्रालयले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि लुम्बिनी र कोसी प्रदेशमा अभिमुखीकरण र सचेतनाका कार्यक्रम सञ्चालन गरेको र आगामी दिनमा सातै प्रदेशमा यस्ता कार्यक्रम सञ्चालन गर्ने तयारी रहेको मन्त्री चौधरीले जानकारी दिनुभयो।

मन्त्रालयले नीति परिमार्जन गर्नेसमेत भनेर छुट्टै निकाय तोकेको बताउनुभयो। " इन्द्रेणी पर्यटन प्रवर्द्धनका लागि होटल र सम्पदा क्षेत्रमा रहेका व्यक्तिले प्रदान गर्ने सेवा प्रवाहलाई लैङ्गिक मैत्री बनाउन सुरु गरिएको छ। प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रमा पनि इन्द्रेणी पर्यटन आकर्षित गर्न सकिन्छ।"मन्त्री चौधरीले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि नेपालले अपनाएको समावेशी चरित्र विश्वमाझ पुऱ्याएर इन्द्रेणी पर्यटन भित्र्याउन लाग्नुपर्ने बताउनुभयो । इन्द्रेणी पर्यटन क्षेत्रबाट थाइल्यान्डको कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान दिएको जनाइएको छ ।

का य ॅ त्र ऽ म मा सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलले नेपाल यौनिक तथा



**"एक सय ४५ देशमा नेपालको अवस्थामा राम्रो र उत्साहप्रद देखिएको छ । अनुकरणीय छ । प्रगति राम्रो भएको छ", उहाँले भन्नुभयो, "समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने नेपाल एसियामा दोस्रो देश बनेको छ"।**

लैङ्गिक अल्पसंख्यक पर्यटकका लागि सुरक्षित रहेको बताउनुभयो । समलिङ्गी विवाह दर्ता हुन थालेको जनाउँदै उहाँले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि नेपालमा सम्मानित वातावरण रहेको उल्लेख गर्नुभयो। नेपाल पर्यटन बोर्डकी कार्यकारी प्रमुख नन्दनी लाय थापाले इन्द्रेणी पर्यटनका लागि नेपाल गन्तव्य मुलुक बन्ने सम्भावना रहेको बताउनुभयो। उहाँले यौनिक तथा लैङ्गिक अल्पसंख्यक पर्यटक भित्र्याउन पर्यटन बोर्डले काम गरिरहेको जानकारी दिनुभयो।

मायाको पहिचान नेपालका कार्यकारी निर्देशक सुनीलबाबु पन्तले यौनिक तथा लैङ्गिक अल्पसंख्यक पर्यटकलाई स्वागत गर्न नेपाल तयार भएर बसेको छ भन्नुभयो। उहाँले अन्य देशमा जस्तो यौनिक तथा लैङ्गिक अल्पसंख्यक पर्यटक नेपालमा आउँदा डराउनुपर्ने अवस्था नरहेको बताउनुभयो। "संवैधानिक अधिकार दिएको छ । अरू देशमा जाँदा डराइडराइ जानुपर्छ", निर्देशक पन्तले भन्नुभयो, "यहाँ (नेपाल) सुरक्षा छ । समलिङ्गी विवाह हनिमुन डेस्टिनेसनका रूपमा कसरी लैजाने सोचिरहेका छौं।"

नेपालका लागि युरोपियन युनियनको राजदूत भेरोनिक लोरेन्जोले विश्वका एक सय ४५ देशमा गरिएको अध्ययनमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि नेपालको अवस्था राम्रो रहेको जानकारी दिनुभयो । "एक सय ४५ देशमा नेपालको अवस्थामा राम्रो र उत्साहप्रद देखिएको छ । अनुकरणीय छ । प्रगति राम्रो भएको छ", उहाँले भन्नुभयो, "समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने नेपाल एसियामा दोस्रो देश बनेको छ।"

उहाँले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको जीवनस्तर माथि उकास्ने काममा युरोपियन युनियनले सहयोग गर्दै आएको जानकारी दिनुभयो । नेपालमा इन्द्रेणी पर्यटनको सम्भावना अन्य देशमाभन्दा राम्रो देखेको राजदूत लोरेन्जोको भनाइ थियो । नेपालमा पहिलो पटक १३ मङ्सिर २०८० मा लमजुङको दोर्दी गाउँपालिका कार्यालयले माया गुरुङ र सुरेन्द्र पाण्डेलाई विवाह दर्ताको प्रमाणपत्र दिएको थियो। उहाँहरुलाई पहिलो विवाह दर्ता भएसँगै बर्दियाको बढैयाताल गाउँपालिकाले सुप्रिता गुरुङ र दिप्ती श्रेष्ठलाई 'लेस्बियन' विवाह दर्ताको प्रमाणपत्र दिएको छ।

सम्मेलनमा गो म्यागेजिनकी सम्पादक डियान एन्डरसनले यौनिक तथा लैङ्गिक अल्पसंख्यक पर्यटनको विश्व अवलोकन र अर्थतन्त्र/जिडिपीमा यसको योगदान प्रस्तुत गर्दै इन्द्रेणी (रेन्बो) पर्यटनको बजार विश्वमा दुई खर्ब ११ अर्ब डलरको रहेको जानकारी दिनुभयो । अमेरिका, चीन र जापानमा रहेको इन्द्रेणी पर्यटनको खरिद शक्ति नेपालसँग पनि रहेको बताउनुभयो । उहाँले तीन वटा देशमा कोभिडको समयमा चार ट्रिलियन डलर रहेको इन्द्रेणी पर्यटनको बजार अहिले ४.७ ट्रिलियन डलर पुगेको जानकारी दिनुभयो।

उहाँका अनुसार विश्वमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको जनसंख्या ३० करोड रहेको छ । यो कूल जनसंख्याको ६.५ प्रतिशत हुन आउँछ।" विपद्का घटना भएका ठाउँमा पर्यटन गतिविधि गर्ने पहिलो समुदाय यौनिक तथा लैङ्गिक अल्पसंख्यक रहेको सम्मेलनमा जानकारी दिइएको थियो । सम्मेलनमा अमेरिका, न्यूजिल्याण्ड, जर्मनीका पर्यटन व्यवसायीले कार्यपत्र प्रस्तुत गर्नुभएको भने भारतीय लेखक एवं म्याथोलोजिष्ट देवदत्त पटनायक र पारोमिताले यौनिकता तथा लैङ्गिकताबारे पुराना तथ्यहरू प्रस्तुत गर्नुभएको थियो । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि नेपाल सुरक्षित र सम्मानित रहेको, सबैखाले हिंसा अन्त्य हुने र सम्मानित हुने पर्याप्त कानुन रहेको सम्मेलनमा बताइएको थियो।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथुन | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**सर्लाहीको बरहथवा नगरपालिका-१६** स्थित सोती खोलामा बनेको सिंचाई ब्यारेजमा पौडी खेल्दै स्थानीय बालबालिका। तराईका जिल्लामा गर्मी बढेसँगै बालबालिकाहरु नहर, खोला, पोखरीलगायतका स्थानमा पौडी खेलेर गर्मी छल्ने गर्दछन्। *तस्बिर : रासस*

# अभियानले चुरे संरक्षणको माग सहित काठमाण्डौ सम्मको पद यात्रा पुनः थाल्ने

**टुडे समाचारदाता**

जनकपुरधाम ।चुरे तथा वनजंगल संरक्षण अभियानले विभिन्न ११ बुंदे माग अगाडी सार्दै पुनः पद यात्रा सुरु गर्ने भएको छ।

तीनै तहका सरकार मागप्रति गम्भीर नभएकोले वैशाख १६ गते देखि सप्तरी जिल्लाको भारदह देखि वाराको पथलैया र चितवनको नारायणघाट हुदै काठमाण्डौ सम्मको पैदल यात्रा सुरु गर्ने भएको अभियानले विज्ञप्ती मार्फत जनाएको छ । शनिबार जारि गरेको विज्ञप्तीमा यात्राको क्रममा कुनै पनि किसीमको अप्रिय घटना घटेको खण्डमा तीनै तहका सरकार जिम्मेवार हुने भनिएको छ।



जारी विज्ञप्ती मार्फत उठान गरेका ११ बुंदे माग अन्तरगत संघिय सरकारद्वारा ल्याइएको ढुंगा ,गिटी र बालुवा निकासी गर्ने विधेयक तत्काल खारिज गरि अतिक्रमणमा परेको चुरे वन क्षेत्रको जग्गा खाली गराएर वन क्षेत्रमा फर्काउनु पर्ने,भुमी आयोग गठन गरि दलीत भुमिहीन तथा सुकुम्वासीहरुलाई भुमीको व्यवस्था गरी नेपाललाई भुमिहिन मुक्ता राष्ट्र घोषणा गर्नुपर्ने माग गरिएको छ भने प्रदेश सरकार अन्तरगतको वन प्रशासनलाई सेवा सुलभ तथा प्रभावकारी बनाउन वन प्रशासनको सुशासनका प्रत्याभुति आम नागरिकमा गराई डिभिजन वन कार्यालयहरुमा हुने गरेको अनियमीतता रोक्न दुईतीन वर्ष भन्दा बढि समय देखि कार्यरत कमचारीहरुलाई सरुवा गर्नुपर्ने माग अगाडी बढाइएको छ । त्यसैगरि चुरे क्षेत्र भित्रका नदी नालाहरुबाट अवैध निकासी हुने ढुंगा,गिटी,बालुवा र क्रसर उद्योग तत्काल वन्द गरि यस्ता कार्यहरुमा संलग्नमाथि कडा कारवाही गर्नुपर्ने तथा मधेशमा पानी रिचार्ज जोन र चुरे तथा वन क्षेत्र भएर वग्ने नदीहरुमा सम्भाव्यताको आधारमा ड्याम तथा पोखरीहरुको निमार्ण गर्नुपर्ने माग गरिएको छ।

जारी विज्ञप्तीमा मधेशको वार र पर्सा जिल्लामा बग्ने सिरसिया नदी लगायतका नदीहरुलाई प्रदुषण र अतिक्रमण गर्ने उद्योगीहरुलाई कानुनी दायरामा ल्याई कारवाही गरि नदीलाई प्रदुषण र अतिक्रमण मुक्त बनाउनुपर्ने,ओम प्रकास भनिने दिलिप महतोलाई प्रथम पर्यावरण शहिद घोषणा र घरको सदस्यलाई जागीरको व्यवस्था मिलाउनुपर्ने माग गरिएको छ। त्यस्तै डढेलो नियन्त्रण गरी खुल्ला चरिचरण बन्द गर्नुपर्ने,विभिन्न परियोजना तथा विकासको नाउमा चुरे तथा वन जंगल मास्ने कार्य बन्द गर्नुपर्ने र मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयद्धारा आर्थिक वर्ष ०७९/०८० को विभिन्न योजनामा भएको भ्रष्टाचार र आर्थिक वर्ष ०८०/०८१ म वन तथा वातावरण मन्त्रालयद्धारा कर्मचारी सरुवामा भएको आर्थिक चलखेललाई सत्य तथ्य छानवीन गर्नुपर्ने माग अगाडी बढाइएको छ। चुरे वन विनाशका कारण मधेश मरुभुमी भइरहेको हुँदा निजी वनको धनीहरुलाई चुरे तथा वन जंगल बचाउ कार्यक्रमहरुमा संलग्न राख्न र निजी वन धनीहरुलाई सरकारद्धारा गरिएको उपेक्षीत कार्यक्रम व्यवस्थीत गराउनुपर्ने र अभियान र प्रदेश सरकरा,संघ सरकारविच भएको सम्झौता तथा प्रतिवद्धता कार्यान्वयन गर्नुपर्ने लगायतको माग उठान गरिएको छ । चुरे तथा वनजंगल संरक्षण अभियान विभिन्न समयमा चुरे संरक्षण र सुकुम्वासीको मुद्दा लगायतको माग उठान गरि पटक पटक आन्दोलन गर्दै आएको छ । अभियान र सरकारविच विभिन्न चरणमा सम्झौता पनि भएको तर कार्यान्वयनमा नआएको अभियानका संयोजक सुनिल कुमार यादवको आरोप रहेको छ।

# कार्यकक्षामा समयमा नभेटिने कर्मचारीलाई कारवाही गरिने

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मी र कर्मचारीलाई कार्यालयमा हाजिर गर्ने तर कार्यकक्षमा नभेटिने गरिएकाले त्यस्तालाई कारबाही गर्ने जनाएको छ।

मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले मन्त्रालयअन्तर्गत प्रतिष्ठान, विभाग, अस्पताल र केन्द्रलाई निर्देशन जारी गर्दै कार्यालय समयमा उपस्थित नहुनेलाई कारबाही गर्ने जनाएका हुन्। उहाँले अबदेखि कार्यालयमा समयमा नभेटिने चिकित्सक, कर्मचारी र स्वास्थ्यकर्मीलाई कानून बमोजिम कारवाही गर्ने बताए।

स्वास्थ्य सचिव बुर्लाकोटीले जारी गरेको निर्देशनमा स्वास्थ्य सेवा विभाग लगायतका निकायमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरु हाजिरी हेर्दा कार्यालयमा हाजिर भएको देखिने तर कार्यकक्षमा खोज्दा फेला पार्न नसकिने पाइएकाले सेवाग्राहीले सेवा पाउन नसकेको गुनासो प्राप्त भएको उल्लेख छ।

"यसरी कार्यालय समयमा आफ्नो कार्यकक्षमा उपस्थिति नहुनु प्रचलित कानून, नैतिकता, वैयक्तिक आचरण एवं विधिको प्रतिकूल हुने हुँदा सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मी एवं कर्मचारी संयमित रही आफ्नो पदीय मर्यादा, आचारण र अनुशासन एवं विधिको पालना गर्नुहुन निर्देशन दिइएको छ", निर्देशनमा भनिएको छ।

# 'उपनिर्वाचनमा पैसा बाँड्नेलाई कारबाही'



**टुडे समाचारदाता**

इलाम। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले उपनिर्वाचनमा पैसा बाँड्ने जुनसुकै दलका नेता, कार्यकर्तालाई कडा कारबाही गरिने बताएका छन्।

इलामको फाकफोकथुम गाउँपालिकास्थित आमोचकमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै लामिछानेले उपनिर्वाचनको मौन अवधिमा भोट किन्न पैसाको पोको बोकेर गाउँ छिर्ने जो-कोहीलाई कडा कारबाही गरिने बताएका हुन्।

उनले पैसा बाँड्न आउनेको फोटो खिचेर पठाए २४ घण्टाभित्र कारबाही गर्ने बताए। "मौन अवधिमा धेरै पैसाको चलखेल हुन्छ, यदि कसैले पैसा दिन खोज्यो भने फोटो खिचेर गृह मन्त्रालयमा पठाइदिनुहोला", उनले भने, "२४ घण्टाभित्र त्यसलाई कारबाही गर्छौं।"

उनले गाउँगाउँमा पैसा बाँड्दै हिँडेर इलामको भविष्य किन्न खोज्नेलाई सार्वजनिक गरेर आम नागरिकसामु चिनाउने बताए।

"सुरक्षाकर्मी साथीहरू यही हुनुहुन्छ, चोकचोकमा खटिएर नागरिकलाई सचेत गराउनुहोला, पैसाको पोको बोकेर गाउँ छिर्नेलाई त्यही पोकोमा पोको पारेर हिरासतमा पठाइदिनुहोला", उनले सुरक्षाकर्मीलाई निर्देशन दिँदै भने।

लामिछानेले आफ्नो पार्टीको उम्मेदवार जिताउन मात्रै इलाम नआएको उल्लेख गर्दै इलाममलाई जिताउन र आम इलामेली नागरिकलाई जिताउन चुनावी घरदैलोमा आएको बताए। रास्वपाले इलाम-२ मा पत्रकार मिलन लिम्बूलाई उम्मेदवार बनाएको छ। रास्वपाको टोली अहिले चुनावी घरदैलोमा छ। यही वैशाख १५ गते इलाम-२ मा उपनिर्वाचन हुँदैछ।

> लामिछानेले आषनो पार्टीको उम्मेदवार जिताउन मात्रै इलाम नआएको उल्लेख गर्दै इलाममलाई जिताउन र आम इलामेली नागरिकलाई जिताउन चुनावी घरदैलोमा आएको बताए । रास्वपाले इलाम-२ मा पत्रकार मिलन लिम्बूलाई उम्मेदवार बनाएको छ । रास्वपाको टोली अहिले चुनावी घरदैलोमा छ ।

# वामपन्थीहरुलाई एकठाउँमा ल्याउनुपर्नेमा वक्ताहरुको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल समाजवादी पार्टीका नेता तथा कार्यकर्ताहरूले मुलुकमा परिवर्तनका लागि सम्पुर्ण वामपन्थी शक्तिहरु एक हुनुपर्ने बताएका छन्।




पार्टीको बागमती प्रदेश र गैरभौगोलिक प्रदेश समितिको आयोजनामा शनिबार ललितपुरमा भएको अगुवा कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा धारणा राख्ने नेता, कार्यकर्ता तथा जिल्लाका प्रतिनिधिले नेपाली जनताको माग, भावना र चाहनाअनुसार रुपान्तरण र परिवर्तनका लागि देशका वामपन्थीहरूलाई एकठाउँमा ल्याउनुपर्नेमा जोड दिएका हुन्।

पार्टीका अध्यक्ष महिन्द्र राय यादवले सङ्घीयता, समावेशी, समानुपातिक, धर्मनिरपेक्षता आधारशिला भएको बताउदै यसको रक्षाका लागि वामपन्थीहरूलाई एक ठाउँमा ल्याउनुपर्छ भन्ने धारणा राखेका छन्।

"मधेश आन्दोलन र जनयुद्धको माग पूरा गर्नका लागि नै माओवादीसँग एकता आवश्यक छ। हाम्रो नजिकैको मित्र शक्ति भनेको माओवादी केन्द्र नै हो, गत निर्वाचनमा माओवादी र हाम्रो पार्टी एकता भएर नेकपा समाजवादी हुने सर्तमा चुनाव चिह्न लिएर चुनाव लडेको हो", उनले भने।

नेपालका सबै वामपन्थी एक ठाउँमा आउन सकेन भने भारतमा जस्तै कम्युनिष्ट पार्टी समाप्त हुने उल्लेख गर्दै उनले वर्तमान सरकार कम्युनिष्ट ध्रुवीकरणका लागि भएको बताउदै पार्टी एकताको माध्यमबाट जनताको पक्षमा काम गर्ने शक्ति प्राप्त हुने बताए। उनले ध्रुवीकरण भएर मात्रै जनताको अपेक्षा सम्बोधन गर्ने पार्टीको रुपमा स्थापित हुन सकिने र विभिन्न आन्दोलनबाट स्थापित नेता तथा कार्यकर्तालाई समेट्दै एकताको अभियानमा लाग्ने सबैलाई जोड्ने अभियान रहेको बताए।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री तथा नेपाल समाजवादी पार्टीका सहअध्यक्ष गङ्गानारायण श्रेष्ठले क्रान्तिकारी शक्तिहरु एकजुट भएर शक्ति आर्जन गर्नुपर्छ भनेर लागिपरेको बताए। उनले पश्चगामी शक्तिहरूको अराजक गतिविधि रोक्न साथै धर्मनिरपेक्षता, गणतन्त्र र सङ्घीयताको संरक्षणका लागि अहिले ध्रुवीकरण हुनु आवश्यक रहेको उल्लेख गरे।

"संविधानसभाबाट संविधान घोषणापछि व्यवस्था परिवर्तनको एउटा कोर्ष पूरा भएको हो, तर त्यसपछि त्यही परिवर्तनको आधारमा समाजवादतिर जान नसकेपछि हामी छुट्टिनुपरेको हो, यो बीचमा हाम्रो प्रयोगले पार्टी र परिवर्तनकारी शक्तिहरु सफल हुन सकेन, तसर्थ जनयुद्धको 'लिगेसी' बोकेकाहरू विगतका गल्तीको समीक्षा गर्दै रुपान्तरणसहितको एकता गर्नुपर्छ", श्रेष्ठले भने।

पार्टी एकता कार्यदलका सदस्य तथा पार्टीका महासचिव रमेश यादवले नयाँ शक्तिको नारा र मधेस विद्रोहबाट उदाएको शक्तिलाई एकताबद्ध बनाएर समृद्धिको दिशामा कसरी अगाडि बढ्ने भन्ने चिन्ता रहेको बताए।

उनले जनविद्रोहबाट यहाँसम्म आइपुग्दा एउटा नेतालाई मात्रै स्थापित गर्ने उद्देश्य नरहेको भन्दै एउटा राजनीतिक स्वार्थका लागि राजनीतिक पसल मात्रै खोलेको होइन, जनताको गाँस, बास र कपासको चिन्ताले स्थापित हुन खोजेको बताए। उनले राजनीतिक शक्तिहरूको रुपान्तरणका लागि औचित्यपूर्ण एकता आवश्यक रहेको बताए। पश्चिमी शक्तिको उदय हुँदै गरेको अवस्थामा रहेकाले यसले परिवर्तनकारी शक्ति र वर्तमान व्यवस्थामा खतरा देखापरेको उनको भनाइ थियो।

कार्यक्रममा मकवानपुरका प्रतिनिधि राजकुमार भेटवाल, ललितपुरका प्रतिनिधि शङ्कर अधिकारी, काठमाडौँका प्रतिनिधि सुरेश खड्गी, भक्तपुरकी प्रतिनिधि ललिता श्रेष्ठ, काभ्रेका उपाध्यक्ष राजीव लामा, ललितपुरका प्रतिनिधि राजु महर्जनलगायत बागमती प्रदेशका विभिन्न जिल्लाका प्रतिनिधिले समृद्धि हाम्रै पालामा भन्ने भनाइलाई सार्थक बनाउन आवश्यक रहेको बताए। यसका लागि विगतमा परिवर्तनका लागि राजनीतिक मोर्चामा क्रियाशील शक्तिहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्ने, विचार, राजनीति र दृष्टिकोणलाई सार्थक बनाउँदै निराशालाई उत्साहमा बदल्न भाषणभन्दा काम गर्नुपर्ने अवस्थामा ध्रुवीकरण भएर राजनीतिक, आर्थिक तथा सामाजिक रुपान्तरणका लागि लाग्नुपर्ने बताए।

उनीहरूले नयाँ शक्तिका नाममा खराब नियत भएका व्यक्तिहरू हावी हुँदा राजनीतिक व्यवस्था, संविधानको मूल मर्म र गणतन्त्रमाथि सङ्कट देखापरेको बताउँदै वामपन्थी शक्तिबीचको एकताका माध्यमबाट उपलब्धि हासिल गर्न लाग्नुपर्ने बताए। राजनीतिक दलका कार्यकर्ताहरूले सामाजिक गतिविधिमा क्रियाशील भएर सहिष्णुता, सद्भाव कायम गर्दै राजनीतिक लक्ष्य र उपलब्धि हासिलका लागि स्पष्ट लक्ष्यसहित लाग्नुपर्ने, पद प्राप्तिका लागि मात्रै राजनीतिमा लाग्नु नहुनेमा उनीहरुको जोड थियो।

# अधिकारकर्मी डा परियार पुरस्कृत

**टुडे समाचारदाता**

काठमाण्डु । 'कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार' बाट अधिकारकर्मी डा विष्णुमाया परियार पुरस्कृत भएकी छन्।

मानव अधिकार एवं सामाजिक न्यायका लागि विशिष्ट योगदान पुऱ्याएको भन्दै मानवअधिकार तथा शान्ति समाजले शनिबार उनलाई एक लाख १० हजार राशिबाट पुरस्कृत गरेको हो। २५ वर्ष भन्दा बढी अधिकारको आन्दोलनमा योगदान दिएकी डा परियार राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा सम्मानित तथा पुरस्कृत भइ सकेकी छन्। उनले यो पुरस्कार एकदमै विशेष रहेको बताए।

उनले भनिन्, "धेरै अन्तर र्राष्ट्रियस्तरबाट सम्मानित भएँ तर मातृभूमिले दिएको यो पुरस्कार विशेष छ।" यो ठाउँसम्म आइपुग्न बुवाको योगदानको चर्चा गर्दै उनले भनिन्, "दलित भनेर विभेद गरिन्थ्यो। बुवाले विभेदका विरुद्ध लड्न सिकाउनुभयो। हरेक बुवाले छोरीलाई समानता र स्वतन्त्रता दिए सफलता प्राप्त गर्न सक्नेछन्।"

गोरखामा जन्मेकी ५१ वर्षीया डा परियारको जीवनकथा अमेरिकाको म्यासाच्युसेटस राज्यको शिक्षा विभागद्वारा कक्षा-७ को पाठ्यक्रममा सङ्लग्न छ। अधिकारका क्षेत्रमा क्रियाशील संस्था एशोसिएशन फर दलित वुमन्स एड्भान्समेन्ट अफ नेपाल (एड्वान) का संस्थापक अध्यक्ष डा परियारले अमेरिकाको क्लार्क विश्वविद्यालयबाट स्नातकोत्तर गरेकी छन्।

म्यानर कलेजले सन् २०१३ मा मानार्थ डि.लिट (डक्टर अफ लेटर्स) ले सम्मान गरेको थियो। डा परियारका दुई वटा कृति प्रकाशित छन्।

मानवअधिकार तथा शान्ति समाजद्वारा समाजसेवा/सामाजिक न्यायको क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तित्वलाई सम्मान गर्न विसं २०७६ मा यो पुरस्कारको स्थापना गरिएको हो।

# देशभर पश्चिमी वायुको आंशिक प्रभाव कायमै


**टुडे समाचारदाता**

काठमाण्डु। हाल मुलकमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अहिले देशका पहाडी भागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहेको जनाएको छ।

महाशाखाका अनुसार शनिबार दिउँसो कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहने छ। कोशी, बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्ज र चट्याङसहित हल्का वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा पानी र हिउँ पर्ने सम्भावना छ।

त्यसैगरी, शनिबार राति कोशी र गण्डकी प्रदेशको पहाडी भू-भागमा आंशिक बदली हुने तथा बाँकी भागका मौसम सफा रहने छ। कोशी र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ। कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशको पहाडी भागको एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा हुने सम्भावना छ। देशको उच्च पहाडी तथा हिमाली भेगका एक-दुई स्थानमा वर्षा र हिमपातको सम्भावना छ।

शनिबार दिउँसो बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशको केही स्थान र बाँकी प्रदेशका केही ठाउँमा तथा बेलुका गण्डकी र लुम्बिनीका केही स्थानमा हुरीबतासको सम्भावना रहेकाले त्यस क्षेत्रमा दैनिक जनजीवन लगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# खटपटले काम प्रभावित

संघीय सत्तागठबन्धनमा सुरु भएको खटपटले राज्य सञ्चालन प्रक्रियामा समेत नकारात्मक प्रभाव परेको छ । कांग्रेस सहितको सत्ता गठबन्धन भत्किएर एमाले सहित बनेको गठबन्धनमा खटपट सुरु भएको छ । खास गरी नेकपा एस गठबन्धनमा सन्तुष्ट छैन् । एसलाई गठबन्धनमा समावेश गराउने बखत भएको सहमति कार्यान्वयन भएको छैन् । राष्ट्रिय सभाको उपाध्यक्ष, बझांगको प्रदेश सभा सदस्यमा उम्मेदवारी र सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री कम्तिमा एसलाई दिने सहमती गठबन्धनका शीर्ष नेताहरुबीच भएको थियो । तर सो सहमति कार्यन्वयन भएको छैन् । राष्ट्रिय सभामा मनोनित सदस्य एमालेले, उपाध्यक्ष एमालेले, इलाम र बझांगको उपचुनावमा एमालेको उम्मेदवार र सुदूरपश्चिममा समेत सरकार बनाउन एमालेले असहयोग गरेकाले एसका नेताहरु असन्तुष्ट बनेका छन् । सत्ता गठबन्धनलाई कुनै पनि बेला उथलपुथल गर्न सक्ने हैसियत रहेको दावीगर्दै एसका नेताहरुले सुदूरपश्चिममा आफ्नो अडान नछाड्दा मुख्यमन्त्री पाएको छ । तर, एमालेले सरकारमा नजाने भएको छ । अन्तिम समयमा मुख्यमन्त्रीका लागि एसलाई समर्थन जनाए पनि मुख्यमन्त्रीको नाम फेर्न एमालेले दवाव दिएको थियो । दवाव कार्यान्वयन नहुँदा एमाले सरकारमा नजाने धारणा सार्वजनिक गरिसकेको छ । एमाले र एसका नेताहरुबीचको मतभेद चुलिएको छ । गठबन्धन कुनै बेला भत्किन सक्ने अनुमान राजनीति र कर्मचारीवृतमा लगाइदैछ । सरकारमा दुवै दल एकै साथ रहे पनि एकअर्काप्रति विश्वासको वातावरण बनेको छैन् । एमालेले एसलाई ध्वस्त बनाउन चाहेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी विभाजनको पीडाबाट मुक्त भइसकेका छैनन् । उनलाई सरकारबाट अपदस्थ हुनुपरेको अर्को पनि पीडा छ । एमालेबाट एस पनि झस्किरहेको छ । एसका असन्तुष्टहरु एमालेमा फर्काउन अध्यक्ष ओली उदार देखिएका छन् । तर एसमा रहेर काम गर्नेहरुप्रति उनी अनुदार नै छन् । नेकपा एस सरकारबाट एक्लै बाहिरिए पनि संघीय सरकार तत्कालै ढल्ने छैन । तर एसको कारण कयौं प्रदेशमा सरकार गठन गर्न एमाले र माओवादीलाई सहज मात्र नभइ केही प्रदेशमा सरकार नै ढल्नेछ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय सभाको अध्यक्षमा आफ्ना भाईलाई र बाँसबारी जुत्ता प्रकरणमा उद्योगपति विनोद चौधरीलाई नचलाएको भए कांग्रेस गठबन्धन भत्किने संभावना थिएन् । प्रचण्डले एमाले र कांग्रेसलाई सुबिधा अनुकुल छोड्ने र जोड्ने काम गरिरहेका छन् । त्यो एमाले र कांग्रेसका नेताहरु बुझेर नै दुई ठूला दल मिलेर स्थिर सरकार बनाउनेमा सहमत हुन थालेका छन् । त्यो भए सर्वाधिक क्षति माओवादी र नेकपा एसलाई हुनेछ ।यद्यपि देशले स्थिर सरकार पाउने पूर्ण विश्वास गर्न सकिदैन् ।

# के मध्यपूर्वबाट तेस्रो विश्वयुद्धको बिगुल बज्ने ?



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

दुईवटा विश्वयुद्ध भइसकेको छ । रुस- युक्रेनको युद्ध शुरु भएपछि तेस्रो विश्वयुद्धको अडकल शुरु भएको थियो । एक बर्षभन्दा बढी समयदेखि ति दुवै मुलुकबीच युद्ध जारी छ । अमेरिकाका साथै फ्रान्स र वेलायतलगायत युरोपका मुलुकले युक्रेनलाई आर्थिक र सैनिक उपकरणको सहयोग जारी राखेको छ । विगत सात महिनादेखि इजरायल र फीलिस्तीनको विद्रोही समूह हमासबीच लडाई भइरहेको छ । हमासको पक्षलिएर इरानले इजरायलमाथि आक्रमण गरेकाले कतै मध्यपूर्वबाट तेस्रो विश्वयुद्ध हुने त होइन भने विषयमा केही दिनदेखि गम्भीर चर्चा भइरहेको छ ।

प्रथम विश्वयुद्धको मुख्य कारण अष्ट्रियाको आर्कड्यूक फ्रान्ज फर्डिनेडको हत्या भएको थियो । ब्लेक हेड सङ्गठनले २८ जुन १९१४मा ब्रोसिनियाको सर्व युगोस्लाब राष्ट्रवादी गेवरिलो प्रिंसिपल साराजेवोमा उनको हत्या गरेको थियो । त्यसपछि, अष्ट्रिया र हङ्गेरीले २८ जुलाई १९१४मा सर्वियाको विरुद्ध युद्धको घोषणा गर्‍यो । सोही दिन विश्वयुद्धको शुभारम्भ भयो । ११ नोवेम्बर सन् १९१८सम्म जारी सो युद्धमा एक करोड ९० लाखभन्दा बढी व्यक्ति मारिएको र अढाइ करोड घाइते भएका थिए ।

१ सेप्टेम्बर १९३९मा जर्मनीले पोलेण्डमाथि आक्रमण गरेपछि दोश्रो विश्वयुद्धको शुभारम्भ भएको थियो । १९४५सम्म चलेको सो युद्धमा ७० देशको सहभागिता थियो । उक्त युद्धमा ६ करोडभन्दा बढी मानिसको मृत्यु भएको थियो । भर्सेलिज सन्धि, हिटलरले प्रथम विश्वयुद्धको पराजयको प्रतिशोध साध्न अपनाएको अधिनायकवाद नीतिलगायत प्रमुख कारण थियो । दोश्रो विश्वयुद्धपछि युरोपियन राष्ट्रहरु एकापसमा नलड्ने समझदारी गरेको देखिन्छ । अव, तेस्रो विश्वयुद्ध भयो भने इजरायल र अरबबीच शुरु प्रवल सम्भावना छ । सोही कारणले यतिखेर, विश्वको ध्यान इजरायलमाथि इरानका साथै सीरीया र यमनका विद्रोही समूहको आक्रमण निरन्तर रुपमा भइरह्यो तेस्रो विश्वयुद्ध निम्त्ने सम्भावना देखिन्छ ।

**अहिलेको अवस्था**ः

चारैतिरबाट मुश्लिम राष्ट्रले घेरिएको इजरायलमाथि गत, शनिवारको राति ईरानले ड्रोन र ब्यालेष्टिक मिसाइलले आक्रमण गर्‍यो । उक्त आक्रमणपछि मध्यपूर्वको सो क्षेत्र तनावग्रस्त बनेको छ । ईरानले तीनसयभन्दा बढी मिसाइल र ड्रोनबाट हमला गरेको थियो । उक्त आक्रमणबाट इजरायललाई खासै क्षति नभएपनि विश्वयुद्धको खतरा मडारिन थालेको छ । किनकी, गत, शुक्रवार विहान इजरायलले मिसाइलबाट जवाफी हमला गरेको हो । ईरानको एतिहासिक इस्फहानमाथि आक्रमण गरेर इजरायलले ईरानको कुनैपनि शहरमा जतिखेरपनि मिसाइलले आक्रमण गर्न सक्ने क्षमता रहेको भनेर सन्देश दिनु खोजिएको बुझिन्छ । सो घटनामा एक दर्जनभन्दा बढी ईरानी सैनिक घाइते भएको इजरायलले दावि गरेको छ । अव, इरानले प्रतिउत्तरमा आक्रमण गर्‍यो भने सो लडाईमा अन्य मुलुकहरुपनि सहभागी हुने खतरा देखिन्छ ।

ईरान, इराक, सीरिया र यमनले आक्रमण गरेको अमेरिकी रक्षा मन्त्रालयले जानकारी गराउनुका साथै उक्त ड्रोन र मिसाइलको आक्रमणलाई ध्वस्त पार्नमा अमेरिकी सेना सफल रहेको दावी गरेको छ । अर्कोतर्फ, इजरायलले ईरानमाथि आक्रमण गर्‍यो भने रुस ईरानको पक्षमा खुलेर साथ दिने सम्भावना देखिन्छ । अमेरिका, बेलायत, फ्रान्सलगायतका मुलुक खुलेर इजरायलको पक्षमा छ । इजरायलले फिलिस्तीनको गाजा क्षेत्रमा छिटफुट आक्रमण जारी नै राखेको छ । गाजा क्षेत्रमा ठुल्ठुला भवनहरु पूर्णरुपमा क्षति भइसकेका छन् । करिव पचास हजार मानिसको मृत्यु भएको अनुमान गरिएको छ । रोग र अन्नको अभावमा मानिसहरुलाई बाँच्न मुश्किल भइरहेको छ । अर्कोतर्फ, इजरायलमाथि आक्रमणगर्ने हमासले बन्दी बनाइएका इजरायलीहरुलाई मुक्तगर्ने पक्षमा देखिएको छैन् । गत, ७ अक्टुबरमा हमासले इजरायलमाथि आक्रमण गरेको थियो । नौं महिनाको अवधिमा फिलस्तीनको व्यापक क्षति भएको छ ।

**आखिर, इजरायल र फिलस्तीनबीच युद्धको मुख्य कारण के हो ?**

यहूदीहरु तेज दिमागको र स्वभावीमानी स्वभावको कारण उनीहरुको छुट्टै पहिचान थियो । भनिन्छ, यहूदी महिलाहरु परपुरुषसँग रमाइलो गरेपनि सन्तान यहूदी पुरुषबाट जन्माउँछ । द्वितीय विश्वयुद्धमा जर्मनीका हिटलरको तानाशाही प्रवृतिको विरोध गरेकाले लाखौं यहूदीहरुलाई हिटलरले ग्यास चेम्बरमा हालेर मार्न लगाएको थियो । त्यहाँका साथै जर्मनीको पकडमा रहेको मुलुकहरुमा पनि यहूदीहरुमाथि आक्रमण हुन थाल्यो । त्यसपछि, भुमध्यसागर र जोर्डन नदीको बीचमा अवस्थित फिलीस्तीनको क्षेत्रमा शरणार्थीको रुपमा यहूदीहरु आउने क्रममा तीव्रता आयो । किनकी, प्राचीनकालमा सो ठाउँ यहूदीहरुको पूर्वजको ठाउँ रहेको इतिहासमा उल्लेख गरिएको छ । उतिखेर, पनि फिलीस्तीन राष्ट्र थिएन् । सो क्षेत्र आँटोमन साम्राज्यको नियन्त्रणमा थियो । मुशलमान, यहुदी र ईसाईको पवित्र स्थल यरूशलम पर्दछ । आँटोमन साम्राज्य स्थापना हुनुअगावै अधिकांस समय अरब र मुश्लिम समुदायको कब्जामा थियो । प्रथम विश्वयुद्धपछि आँटोमन साम्राज्यको विघटन भयो । राष्ट्रसङ्घको तर्फबाट सो फिलिस्तीनको प्रशासनको जिम्मेवारी लिने अनुमति विट्रेनले प्राप्त गर्‍यो । द्वितीय विश्वयुद्धपछि यहूदीहरुले दवाव दिएपछि संयुक्त राष्ट्र सङ्घले विट्रेनको कब्जामा रहेको भुभागलाई फिलिस्तीनी र यहुँदीको बीचमा बाड्ने निर्णयमा पुग्यो ।

१९४७ मा संयुक्त राष्ट्र सङ्घमा फिलीस्तीनको भूमिमा यहूदी र अरबंका लागि अलग अलग देश बनाउनका लागि मतदान भयो । यरूशलममा दुवै पक्षले राजधानी बनाउन खोजेपछि विवाद झन चर्किन थाल्यो । यरूशलमको ३५ एकडको भूमिलाई आ-आफ्ना 'पवित्र भूमि' भन्दै यहूदी, मुश्लिम र ईसाईहरु दावि गर्दै आइरहेको छ । यहूदीले इश्वरले आफ्ना पूर्खा अब्राह्मलाई यस ठाउँमा घर बनाउन बस्न निर्देशन दिएको, मुश्लिमले यस भूमिमा मक्काबाट उड्ने घोडामा चढेर पैगम्बर आएको र यहाँ पाइला टेकेर नमाज पढी पुनः उडने घोडामा बसेर अल्लाहसँग भेट्न जन्नत पुगेको थियो । पैगम्बरले पाइला टेकेको सो भूमि मुश्लिम धर्मको लागि पवित्र भूमि हो । इसाईहरुले यस भूमिबाट इसा मसिहले पहिलो प्रवचन दिएको र फाँसीको पनि सजाय पाएको र पुनः जिवित भएर यहाँ आउने भएकाले यो भूमि मेरो आधिपत्यमा हुनुपर्ने माग राख्दै आएको छ । तीनवटै पक्षको दावी देखेपछि संयुक्त राष्ट्र सङ्घले ४४ प्रतिशत इजरायल र ४८ प्रतिशत एक अरब राष्ट्रको लागि र आफ्नो नियन्त्रणमा ८ प्रतिशत भूमि राख्ने निर्णय गर्‍यो ।

उक्त प्रस्तावलाई यहूदीले स्वीकार गरेपनि अरब पक्षले अहिलेसम्म स्वीकार गरेको छैन् । सन् १९४८मा समस्या सुल्झाउनमा असफल भएपछि व्रिटिश शासक छोडेर गयो । अन्ततः यहूदीहरुले आफ्नो भूभागमा १४ मई १९४८मा इजरायल नामक देशको स्थापना गरेको घोषणा गर्‍यो । लगत्तै, मिश्र, जोर्डन, सीरिया र इराकले एकैसाथ इजरायलमाथि आक्रमण गर्‍यो । यो पहिलो अरब-इजरायल युद्ध थियो । यसलाई यहूदीको स्वतन्त्रताको लडाइपनि भनिन्छ । यो युद्धमा इजरायलको जित भयो । फिलिस्तीनको लागि त्रासदीको अवस्था उत्पन्न भयो । सन् १९६७ मा पुनः अरब राष्ट्रका सीरिया, जाँर्डन र इजिप्ट मिलेर इजरायलमाथि आक्रमण गर्‍यो । ६ दिनसम्म युद्ध चल्यो । अरब देशको सैनिक गठबन्धनमाथि इजरायलको जित भयो । गजापट्टी, मिश्रको सिनाई प्रायद्वीप, जाँर्डनको वेस्ट बैङ्क (पूर्वी येरुसेलमसहित) र सिरियाको गोलन पहाडी क्षेत्रमाथि इजरायलको कब्जा भयो । पाँच लाख फिलिस्तीनीलाई विस्थापित हुनुपर्‍यो । त्यसपछि, सन् १९७३मा पुनः अरब - इजरायल युद्ध भयो । यो योम किप्पुर युद्ध थियो । मिश्र र सिरियाले इजरायलविरुद्ध युद्ध गरेको थियो । मिश्रको सिनाइ प्रदेश पुनः प्राप्त भयो । सन् १९८२ मा इसराइल सो क्षेत्रबाट आफ्नो दावी छोड्यो । गाजामाथि इजरायलकै पकड रह्यो । ६ बर्षपछि मिश्र र इजरायलबीच शान्ति सम्झौंता भयो । इसराइलसँग सम्झौंता गर्ने अरबको पहिलो राष्ट्र मिश्र बन्यो । त्यसपछि, जोर्डनले पनि सम्झौता गर्‍यो । सन् २०१४मा पनि दुवै पक्षमा लामो युद्ध भएको थियो ।

वास्तवमा फिलीस्तीन देश बन्नमा मिश्र र जोर्डननै बाधक देखिन्छ । किनभने, विट्रिसको हुकमत खतम भएपछि सो भुभागको अधिकांस भाग जाँर्डन र केही भाग मिश्रको अधिनमा पुग्यो । फिलीस्तीनका नेता यासेर अराफातले लामो पहल गरेपछि जाँर्डन र मिश्रले समर्थनका साथै केही भुभाग छोड्न तयार भएपछि फिलीस्तीन राष्ट्रको जन्म भयो । तर, पिलीस्तीनसँग प्रहरी छ तर, सेना छैन् । इजरायलले विरोध गरेपछि, फिलीस्तीनले सेना निर्माण गर्न पाएन् । अधिकारिक रुपमा सेना तयार गर्न नसकेपछि लडाकु सङ्गठनहरु सेनाको विकल्पमा तयार हुन थाल्यो । सोमध्ये हमास सवैभन्दा सशक्त अवस्थामा छन् । सो सशस्त्र समूह हमासले ४१ किलो लम्बाईको क्षेत्र गाजापट्टीमा सन् २००७मा आधिपत्य कायम गर्‍यो । हमासको मुख्य उद्देश्य इजरायलबाट यहूदीहरुलाई धपाएर सो भूभागसहित विशाल फिलीस्तीन राष्ट्र निर्माण गर्नु हो । यस कार्यका लागि आन्तरिक रुपमा अरब मुलुकहरुले विभिन्न किसिमले सहयोग उपलब्ध गराउने गर्दछ । अहिले खुलेर इरानले सहयोग गरिरहेका छन् भने कतिपय मुश्लिम राष्ट्र हमासको पक्षमा उभिएका छन् । तर, अरब राष्ट्रहरुले आर्थिक सहयोग गरेपनि मुश्लिम शरणार्थीहरुलाई पनि आश्रय दिन छिमेकी राष्ट्रहरु खुलेर तयार छैन् ।

**फिलिस्तीन र इसराइलबीच विवादको मुख्य कारण**

एक स्वतन्त्र फिलिस्तीनी राष्ट्रको निर्माणमा ढिलाई, वेस्ट बैंकमा यहूदी वस्तीको निर्माण र फिलिस्तीनी क्षेत्रको वरपर सुरक्षा घेराले शान्ति प्रक्रियामा बाधा पुऱ्याउँदै आएको छ । हेथस्थित अन्तर्राष्टिड्य न्यायलयले पनि सो घेराको आलोचना पनि गरेको थियो । सन् २०० मा अमेरिकाको कैम्प डेविडमा तत्कालीन राष्ट्रपति बिल क्लिंटनको उपस्थितिमा दुवै पक्ष सुलह गराउन गम्भीर प्रयास गरिएको थियो । तर, नयाँ नयाँ कुरा थपिएपछि शान्ति प्रक्रियाले पूर्णता पाउन सकेन् । त्यो बेलामा इसराइलको प्रधानमन्त्री एहुद बराक र यासिर अराफातको बीच क्लिंटन सम्झौंता गराउनमा असफल रह्यो । यरूशलमको सीमाना, जमीन, यहूदी बस्ती र फिलीस्तीनी शरणार्थीको विषयमा उनीहरु असहमतिले गर्दा उनीहरुबीच पटक पटक युद्ध भएको हो । इसरायलले यरूशलममासथि १९६७मा कब्जा गरेपछि सो शहरमा राजधानी स्थापना गरेपनि अन्तरष्ट्रिय मान्यता पाउन नसकेको हो । पिलीस्तीनीको माग के छ भने ४ जून १९६७मा ६ दिनसम्म अरब इजरायलको युद्ध शुरु हुनुअगावै सीमानालाई मान्यता दिनुपर्ने, अर्थात इसरायलले कब्जा गरेको भूमि छोड्नुपर्ने । इजरायलले कब्जा गरेको भूमिमा यहूदी बस्ती बसाएको छ । फिलीस्तीनी नामक संस्थाहरुले एक करोडभन्दा बढी फिलीस्तीनीहरु शरणार्थीको रुपमा छन् ।

फिलिस्तीनको अस्तित्व रोमनकालदेखि नै छ । त्यो बेलादेखि नै वेस्ट बैंङ्क र गजापट्टि फिलीस्तीनको र पूर्वी यरूशलम इजरायलको कब्जामा छ । रोमनकालमा सो क्षेत्रलाई फिलीस्तीन भनिन्थ्यो । तर बाइवलमा उक्त क्षेत्रमा यहूदी साम्राज्यको पनि उल्लेख गरिएको छ । यहूदी आफ्नो मातृभूमि ठान्छ । सन् १८४८मा इजरायलले स्वयंलाई एक स्वतन्त्र राष्ट्र घोषित गरेको थियो ।

**सन् १९४८पछिको अवस्था**

१९४७मा संयुक्त राष्ट्र सङ्घमा फिलिस्तीनको यहूदी र अरबंका लागि अलग अलग देश बनाउनका लागि मतदान भयो । येरुशलममाथि दुवैले दावी गरेपछि सो शहरलाई अन्तर्राष्ट्रियस्तरको रुपमा राख्ने निर्णय भयो । सो शहरमाथि आधिपत्य संयुक्त राष्ट्र सङ्घको रहने भयो । उक्त प्रस्तावलाई यहूदीले स्वीकार गरेपनि अरब पक्षले अहिलेसम्म स्वीकार गरेको छैन् । सन् १९४८मा समस्या सुल्झाउनमा असफल भएपछि व्रिटिश शासक छोडेर गयो । अन्ततः यहूदीहरुले आफ्नो भूभागमा १४ मई १९४८मा इजरायलले को स्थापना भयो । त्यसपछि, सो विवादित क्षेत्र तनावग्रस्त बन्यो ।

**इसराइलको स्थापना**

यहूदीको विश्वास के छ भने जुन ठाँमा इजरायलको स्थापना भएको छ । त्यो ठाउँ ईश्वरले पूर्वजलाई प्रदान गरेको थियो । ईश्वरले आफ्नो पहिलो पूर्वज अब्राहम र उनको सन्तानलाई सो ठाउँ दिने बचन दिएको थियो । प्राचीनकालमा सो भुभागमा असीरियों ( आजको इराक, ईरान, तुर्की र सीरियामा बस्ने कबिलाको मानिस),बेबीलोन, पर्सिया,मकदुनिया र रोमनहरुबीच आक्रमण भइरहन्थ्यो । रोमन साम्राज्यले सो भुभागलाई फिलिस्तीन नाम दिएको थियो । ईसाको सात दसकपछि यहूदीहरुलाई सो क्षेत्रबाट धपाइएको थियो । इस्लामको उदयपछि सातौं शताब्दीमा फिलिस्तीन अरबको नियन्त्रणमा आएको थियो । लामो अन्तरालपछि युरोपियन हमलावरले फिलिस्तीनमाथि जित प्राप्त गर्‍यो । त्यसपछि, सन् १५१६मा सो क्षेत्र तुर्कीको अधिनमा पुग्यो । प्रथम विश्वयुद्धपछि अङ्ग्रेजको कब्जा भयो । अरब र इसराइलबीच बढ्दै गएको तनावलाई ध्यानमा राखेर २९ नोवेम्बर १९४७मा संयुक्त राष्ट्र महासभाले विभाजनको लागि स्वीकृति प्रदान गर्‍यो । सन् २०१९ सम्ममा १९३मध्ये १६२ देशले मान्यता दिएको छ ।

**दूई फलस्तीन क्षेत्र किन ?**

फलस्तीनको सन्दर्भमा संयुक्त राष्ट्रको स्पेशल समितिले सन् १९४७मा जनरल असेंबलीको रिपोर्ट पेश गरेको थियो । अरब राष्ट्रमा वेस्टर्न गैली (समारिया र ज्यूडियाको पहाडी भूभाग) सामेल गरेको थियो । समितिले यरुशेलम र मिश्रको सीमासँग जोडिएको इस्दुदको तटीय मैदानलाई बाहिर राखिएको थियो । तर, सो क्षेत्रको विभाजनपछि १९४९मा तानिएको सीमा रेखा आर्मीस्टाइस रेखाको रुपमा परिभाषित गर्‍यो । फिलिस्तीनको दुई क्षेत्र वेस्ट बैङ्क र गजापट्टी ।यो दुइटै क्षेत्र एक अर्काको ४५ किलोमिटरको दूरीमा पर्छ । वेस्ट बैङ्कको क्षेत्रफल ५९७० वर्ग किलोमिटर र गजाको ३६५ वर्गकिलोमिटर पर्छ । गजापट्टी ४१ किलोमिटर लामो छ । अहिले २० लाखको आवादी छ । 'इतिश्री'

- प्रथम विश्वयुद्धको मुख्य कारण अष्ट्रियाको आर्कड्यूक फ्रान्ज फर्डिनेडको हत्या भएको थियो । ब्लेक हेड सङ्गठनले २८ जुन १९१४मा ब्रोसिनियाको सर्व युगोस्लाब राष्ट्रवादी गेवरिलो प्रिंसिपल साराजेवोमा उनको हत्या गरेको थियो । त्यसपछि, अष्ट्रिया र हङ्गेरीले २८ जुलाई १९१४मा सर्वियाको विरुद्ध युद्धको घोषणा गर्‍यो । सोही दिन विश्वयुद्धको शुभारम्भ भयो । ११ नोवेम्बर सन् १९१८सम्म जारी सो युद्धमा एक करोड ९० लाखभन्दा बढी व्यक्ति मारिएको र अढाइ करोड घाइते भएका थिए ।
- १ सेप्टेम्बर १९३९मा जर्मनीले पोलेण्डमाथि आक्रमण गरेपछि दोश्रो विश्वयुद्धको शुभारम्भ भएको थियो । १९४५सम्म चलेको सो युद्धमा ७० देशको सहभागिता थियो । उक्त युद्धमा ६ करोडभन्दा बढी मानिसको मृत्यु भएको थियो ।

# सडक बालबालिका: पहिचान पाउन अझै पनि कठिन

**कालिका खड्का**

"पशुपति आर्यघाटमा शव जलाउने काम गर्छु, ब्रह्मनालमा पैसा खोज्छु, त्यही पैसाले खान्छु", पशुपतिमै जन्मिएर हुर्किँदै आएका तर कानुनी पहिचान नभएका हरिले भन्नुभयो, "मलाई हरि भन्छन् तर मेरो नाम, थर केही छैन ।"

पशुपति क्षेत्रलाई नै घर सम्झिएका हरिको उमेर २२ वर्ष भएको छ । हरिलाई आफ्नो बुबा को हो भन्ने अत्तोपत्तो छैन । घर कहाँ हो केही थाहा छैन । "मलाई घर कहाँ हो, केही थाहा छैन, मामाघर उदयपुर छ, कहिलेकाहीँ जान्छु," हरिले आफ्नो बारेमा सुनाउँदै थप्नुभयो, "मेरी आमा हुनुहुन्छ, आमा र म एउटा सानो कोठामा बस्छौं ।"

हरिकी आमाको पनि कुनै कानुनी पहिचान छैन । नेपालको संविधानअनुसार वंशजको आधारमा नागरिकता पाउने भनिए तापनि विवाहित महिलाको हकमा आफ्नो माईतीको बाबुआमाले नागरिकता नबनाई दिँदा नागरिकताविहीन हुनुपरेको छ । आमाछोरा दुवैलाई कसरी नागरिकता बनाउने पनि थाहा छैन । आमाको आफ्नो परिवार हुँदाहुँदै पनि जन्मदर्ता नभई जन्म प्रमाणित कागजपत्र नहुँदा छोरा समेत पहिचानविहीन बन्न पुगेको छ ।

कानुनी पहिचानविहीन भएर बस्नुपर्ने अवस्था हरिको मात्र होइन । अर्का बालक विमलको अवस्था पनि उस्तै छ । काठमाडौं, बौद्धमा पढ्दापढ्दै १० वर्षको उमेरमा साथीहरुको लहैलहैमा लागेर नसामा डुबेर बस्न थालेपछि परिवारबाट सम्पर्कविहीन भएका थिए । "म साथीसँग मिलेर डेनड्राइट खान थालेँ, नसामा लठ्ठ परिन्थ्यो, कतिबेर उज्यालो कति बेला अँध्यारो पत्तै नहुने हुन्थ्यो", परिवारविहीन बालक विमलले भन्नुभयो, "नसामा डुबेर मैले परिवार बिर्सिएँ, घर कता पत्तै भएन ।"

डिल्लीबजारमा रहेको एक सेल्टर होममा २०६९ सालमा मलाई उद्धार गरेर राखियो । तीन वर्ष त्यस सेल्टर होममा बसेका विमल २०७२ सालको महाभूकम्प आएको वर्ष भागेर पुनः सडकमा नै आएर बस्न थाले । सेल्टर होममा बस्दा आफ्नो परिवारको महत्व थाहा पाएपछि आफू पहिला बसेको ठाउँ कपनमा गएर घर धेरै पटक खोजेँ तर परिवार पत्ता लगाउन सकेनन् ।

"सेल्टर होममा बस्दा घर परिवारको याद आएर म घर खोज्न गएँ, तर भूकम्पमा घरहरु भत्केर नयाँ घरहरु बनेका थिए, मैले घर थाहा पाउन सकिनँ, बाबाआमालाई खोज्न कुनै आधार नै पाइनँ," विमलले भने, "परिवार नभेटेपछि म फेरि सडकमै आएँ, केही काम गरुँ भने पहिचान केही छैन ।" विमललाई आफ्नो जन्मदर्ता बनाएको थियो वा थिएन थाहा छैन । बाबुआमा कहाँ हुनुहुन्छ भनेर निकै चिन्ता लाग्छ ।

हरि र विमलको भन्दा अर्की किशोरी रीनाको अवस्था पनि फरक छैन । बीस वर्षकी रीनाको परिवार तीन पुस्तादेखि नै सडकमा बस्दै आएको छ । बाबाआमा दुवै सडकमा नै हुर्केको हुँदा कसैको पनि कानुनी पहिचान छैन । रीनाको बाबुआमा नेपाली भएपनि घर कहाँ हो केही थाहा छैन । "बाबुआमा हुनुहुन्छ, उहाँहरु पनि सडकमै भेट भएको हो", रीनाले भन्नुभयो, "नेपाली हो तर घर कहाँ हो ? केही थाहा छैन ।"

रीनालाई पढाइमा निकै रुचि छ । सामाजिक संस्थाको सहयोगद्वारा कक्षा ७ सम्म अध्ययन गर्ने अवसर पाइन् तर पढाइका लागि जन्मदर्ता अनिवार्य भएपछि पढाइबाट वञ्चित हुनुपरेको छ । पढ्न नपाएर मानसिक तनावमा परेकी रीना आजभोलि लागुऔषधको कुलतमा फसेकी छिन् ।

हरि, विमल र रीनाका आफन्त पत्ता लगाइ कानुनी पहिचान दिलाउन 'साथसाथ' नामक संस्थाले स्थानीय तहबाट पहल गरिरहेको छ तर अहिलेसम्म कानुनी पहिचान दिलाउन सकेको छैन । उक्त संस्थाका कार्यक्रम व्यवस्थापक कविता शाहले भन्नुभयो, "बालबालिका असुरक्षित तरिकाले रहन हुँदैन, कानुनी पहिचान नभएका यी बालबालिका हाम्रो सम्पर्कमा आए, कसरी कानुनी पहिचान दिने भनेर लागिरहेका छौं ।"

विगत २६ वर्षदेखि सडकका बालबालिका संरक्षण गर्ने उद्देश्यले उक्त संस्थाले काम गरिरहेको छ । "कानुनी पहिचान नै नभएका, परिवारका कुनै सदस्य भएका, बाबुआमा नभएका बालबालिका संस्थाको सम्पर्कमा आउने गरेका छन्", उहाँले थप्नुभयो, "नाम थर केही नभएकालाई साथीले नाम राखिदिएको छ ।"उक्त संस्थाले यस्ता तीन हजार बालबालिका आफ्नो सम्पर्कमा रहेको दाबी गरेको छ । संस्थाको पहलमा ३२६ जनाको जन्मदर्ता भइसकेको छ । पुस्तौं सडकमा बिताएका व्यक्तिको कानुनी पहिचान खोज्न धेरै कठिन छ ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ । उक्त हकमा भनिएको छ, "प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।" संविधानले मौलिक हकमै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन र प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ भनी व्यवस्था गरेको छ । तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

"कोही पनि आफन्त नभएको बालबालिकालाई सधैं अनागरिक बनाउन हुँदैन, सरकारले स्थानीय तहबाट बनाउनुपर्छ भन्छ तर स्थानीय तहमा त्यस्ता व्यक्तिका बारेमा पर्याप्त जानकारी नै हुँदैन," शाहले थप्नुभयो, "आमा मात्र हुँदा पनि बाबुको पहिचान खोज्ने गरिएको छ, त्यसैले मावली पनि सूचक भएर बालबालिकाको कागजात बनाउनुपर्छ भन्ने हाम्रो माग छ ।"

महिला, कानुन र विकास मञ्चले पनि लामो समयदेखि नागरिकताविहीनका लागि नागरिकता दिलाउन काम गर्दै आएको छ । "ऐन, कानुनले व्यवस्था गरे पनि राज्यका निकायबीच समन्वय प्रभावकारी हुने गरेको छैन", मञ्चमा नागरिकता विभागमै कार्यरत अधिवक्ता बिनु लामाले भन्नुभयो, "राज्यसँग नै यकिन तथ्याङ्क छैन, राज्यविहीन व्यक्तिहरुलाई नागरिकता दिलान निरन्तर वकालत गरिरहेका छौं ।"

उक्त संस्थाले एक हजार पाँच सयभन्दा बढीलाई नागरिकता दिलाउने काम गरेको छ भने दुई सयभन्दा बढी एकल महिलाका तर्फबाट अदालतमा मुद्दा दर्ता गरेर नागरिकता दिलाउने काम गरेको छ ।नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा सडक मानवमुक्त गर्ने अभियान सञ्चालन भएको थियो । वर्तमान महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले पनि उक्त अभियानलाई निरन्तरता दिँदै सडक बालिकामुक्त हुने तरिकाले काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।

"सडक बालबालिका मुक्त घोषणा गर्ने गरी काम गरिरहेको छ, ७५३ वटै पालिकाबाट समन्वय गरेर अभिभावकविहीन बालबालिकालाई परिचयपत्र दिलाउने काम भइरहेको छ", मन्त्री चौधरीले भन्नुभयो, "बालबालिका सडकमा हुनुहुँदैन, अभिभावकविहीन कोही बालबालिका हुनुहुँदैन ।"

नागरिकतासम्बन्धी ऐन २०६३ (पहिलो संशोधन २०७९) जारी भएपछि जन्मसिद्ध आधारमा नागरिकता लिनेलाई सजिलो भएको छ । तर आमा वा बाबुमध्ये एक पनि नभएको अवस्था कानुनी पहिचान बनाउन अलि कठिनाइ छ । उक्त ऐन जारी भएपछि एकल महिलालाई सजिलो भए पनि सडक बालबालिकाका लागि पहिचान गर्ने व्यक्ति नहुँदा कठिनाइ छ ।

अभिभावकविहीन बालबालिका कति छन् भनेर सरकारसँग पनि एकिन विवरण छैन । गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रत्येक वर्ष वैशाख १ गतदेखि ७ गतेसम्म घटना दर्ता अभियान सञ्चालन गर्ने गरेको छ । "कुनै पनि व्यक्तिले जन्म, मृत्यु, सम्बन्धविच्छेद, विवाह र बसाइँसराइ समयमै गराउने भनेर सचेतना जगाउने उद्देश्यले यो सप्ताह मनाउने गरिएको हो", पञ्जीकरण शाखाका निर्देशक दिलकुमार तामाङले भन्नुभयो, "सचेतना सप्ताह हो, वर्षौंभरि दर्ता गर्न खुल्ला हुन्छ ।"

# अतिक्रमीत सार्वजनिक जग्गा फिर्ता ल्याउन गृह मन्त्रालयको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकभरि कब्जा भएको सार्वजनिक जग्गा फिर्ता ल्याउन स्थानिय प्रशासनलाई गृह मन्त्रालयले निर्देशन दिएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई सार्वजनिक जग्गा फिर्ता ल्याउन शुक्रबार पुनः निर्देशन दिएका हुन् ।




मुलुकी अपराध संहिता २०७४ को दफा १४७ र १४८ को व्यवस्था र स्थानीय प्रशासन ऐन २०२८ को दफा १० (क) को प्रबन्ध स्मरण गराउँदै सबै स्थानीय प्रशासनलाई हालसम्म भएका कामको विवरण मन्त्रालयमा पठाउन र अबदेखि दैनिक प्रगति प्रतिवेदन मन्त्रालयलसमक्ष प्रस्तुत गर्न उनले निर्देशन दिएका छन् ।

मन्त्रालयले जिल्ला प्रशासनलाई मुलुकी अपराध संहिता २०७४ को दफा १४७ र १४८ मा सरकारी तथा सार्वजनिक र सङ्घ संस्थाका नामको जग्गा कुनै किसिमले कब्जा, आवाद वा अतिक्रमण गर्न नहुने र अतिक्रमण वा कब्जा गरेमा त्यसो गर्नेलाई कानुनबमोजिम जरिवाना र सजाय हुने तथा त्यसरी दर्ता वा नामसारी भइसकेको दर्ता स्वतः बदर हुने व्यवस्था रहेको अवगत गराइएको छ ।

स्थानीय प्रशासन ऐन २०२८ को दफा १० (क) मा प्रमुख जिल्ला अधिकारीले सार्वजनिक जग्गा, पार्टी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर आदिको लगत राख्ने, नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैलाई आवाद गर्न वा आवाद गर्न अनुमति दिन नदिने, यदि कसैले त्यस्तो सरकारी वा सार्वजनिक सम्पत्ति दर्ता गराएको भएमा दर्ता बदर हुने र त्यसमा हदम्याद नलाग्ने व्यवस्थाको छ ।

गृहमन्त्रालयले मुलुकी अपराध संहिता, २०७४ र स्थानीय प्रशासन ऐन, २०२८ को कार्यान्वयन गरी सरकारी तथा सार्वजनिक जग्गा एवं सम्पत्तिको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र त्यस्तो सरकारी वा सार्वजनिक जग्गा तथा सम्पत्ति अतिक्रमण भएको वा अनाधिकृत रुपमा उपभोग गरेको पाइएमा साविककै अवस्थामा फर्काउन निर्देशन दिएको छ ।

गृहमन्त्री लामिछानेकै निर्देशनमा 'लिज' अवधि सकिए पनि निजी कम्पनीले भोगचलन गरिरहेको नेपाल स्काउटको लैनचौरस्थित जमिन र त्यसमा बनेका संरचनामा जिल्ला प्रशासन कार्यालय, काठमाडौँले बिहीवार 'सिल' गरेको थियोभने शुक्रबार कृषि सामग्री कम्पनीको जग्गाको नापजाँच गरिएको थियो ।

# एमाले परिषद् बैठकः आन्तरिक शुद्धीकरणसहित राष्ट्रिय शक्ति निर्माणमा केन्द्रित

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आफूलाई शुद्धीकरण र सुदृढीकरण गर्दै पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिमा रुपान्तरणका लागि चाल्नुपर्ने कदमबारे राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का सदस्यसँग सुझाव मागेको छ ।

ललितपुरको गोदावारीस्थित सनराइज हलमा जारी महाधिवेशन प्रतिनिधि परिषद्को प्रथम बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक र महासचिव शङ्कर पोखरेलको साङ्गठनिक प्रतिवेदनले पार्टी जीवनको लोकतान्त्रिकरणका साथै 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गरी समाजवादमा पुग्न आगामी निर्वाचनमार्फत एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने सवाललाई केन्द्रमा राखिएको छ ।




तत्कालीन महासचिव मदन भण्डारीद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद'लाई सिद्धान्तका रूपमा अङ्गीकार गर्दै आएको एमालेले उक्त लक्ष्य पूरा गर्न वर्तमान सरकारलाई दिगो, परिणामुखी र सफल तुल्याउँदै अर्थतन्त्रलाई चलायमान बनाउने, सहकारीपीडितलाई न्याय दिने, सार्वजनिक सेवालाई प्रभावकारी बनाई सुशासन कायम गर्ने, सङ्घीयता कार्यान्वयनका जटिलता फुकाउने सवालमा नीतिगत प्राथमिकता र चासो दिएको छ ।

एमालेले भ्रष्टाचार र बेइमानीपूर्ण कार्य गर्नेलाई कारबाही गर्ने, मुलुकमा जवाफदेहिता सुनिश्चित गर्ने, कृषिको औद्योगिकीकरण र स्वदेशी उत्पादनका साथै यातायात, सञ्चार र पूर्वाधार विकासमा जोड दिने, विद्युत् उत्पादन र खपत बढाउने जस्ता १३ नीतिगत प्राथमिकता निर्धारण गरेको छ ।

यस्तै प्रविधिक शिक्षाको विस्तार र लैङ्गिक समानता कायम, शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्ने र वैदेशिक सम्बन्धलाई राष्ट्रिय स्वाधिनताका आधारमा सुदृढ बनाउन एमालेको जोड रहेको छ । ती विषयमा एमाले नेतृत्वले महाधिवेशन प्रतिनिधि परिषद्का सदस्यसँग समूहगत छलफलबाट सारभूत र रणनीतिक सुझाव मागेको छ । परिषद् बैठकमा आज प्रतिवेदन र श्रव्यदृष्य सामग्री प्रस्तुतिको क्रम रहेको छ भने आइतबार समूहगत छलफल र पारित हुनेछ ।

परिषद् बैठकमा सहभागी दुई हजार चार सय ५४ प्रतिनिधिमाझ अध्यक्ष ओलीबाट प्रस्तुत प्रतिवेदनमा पार्टी सदस्यता वितरण, नवीकरण र परीक्षण, प्रतिनिधि छनोट, अधिवेशन र नेतृत्व चयन, कमिटी सञ्चालन, चेन अफ कमाण्ड र कार्यकर्ताको (मूल्याङ्कन), कार्यशैली, जीवनशैली र कार्यकर्ताको आचरण, आर्थिक-सामाजिक रुपान्तरण र जनचासोका विषयको सम्बोधन र निर्वाचनमार्फत निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने सम्बन्धमा कार्यकर्ताबाट व्यापक छलफलसहित सुझावको अपेक्षा गर्नुभएको छ ।

अध्यक्ष ओलीले मुलुकमा बढ्दो चरम राजनीतिक विकृति, आर्थिक र व्यावसायिक क्षेत्रमा उत्पन्न सङ्कट र रोजगारीका क्षेत्र साँघुरिएका अवस्था एवं सुशासन तथा सेवा प्रवाहमा उत्पन्न समस्याका कारण समाजमा निराशा छाएको टिप्पणी गर्दै यसलाई वर्तमान सरकारले चिर्नुपर्नेमा जोड दिनुभयो । पूर्वप्रधानमन्त्री ओलीले यस स्थितिले सिर्जना गरेको असन्तुष्टिलाई एकातिर लोकप्रियतावाद र पुरातन तथा दक्षिणपन्थी शक्तिले प्रयोग गर्न सक्ने भएकाले सत्तापक्ष र प्रतिपक्ष राष्ट्रिय समस्याको समाधानमा संवादमा माध्यमबाट एक ठाउँमा आउनुपर्ने बताउनुभयो ।

> “ अध्यक्ष ओलीले मुलुकमा बढ्दो चरम राजनीतिक विकृति, आर्थिक र व्यावसायिक क्षेत्रमा उत्पन्न सङ्कट र रोजगारीका क्षेत्र साँघुरिएका अवस्था एवं सुशासन तथा सेवा प्रवाहमा उत्पन्न समस्याका कारण समाजमा निराशा छाएको टिप्पणी गर्दै यसलाई वर्तमान सरकारले चिर्नुपर्नेमा जोड दिनुभयो ।

गत २०७८ मङ्सिर १० देखि १४ गतेसम्म चितवनको सौराहामा भएको १०औँ राष्ट्रिय महाधिवेशनपछि आन्तरिक र बाह्य सङ्कट व्यहोरेको एमालेले सत्ता हाल आफूलाई सहज स्थितिमा कायम गर्न सकेको विश्लेषण गरेको छ । पछिल्लो समयमा समीकरणमा हेरफेर भई सत्तापक्ष बनेको एमालेको परिषद् बैठकमा हुने छलफल र पारित हुने दस्तावेज तथा घोषणाहरूलाई महत्वका साथ हेरिएको छ ।

पार्टीका महासचिव पोखरेलको साङ्गठनिक प्रतिवेदनमा कार्यशैली, जीवनशैली र कार्यकर्ताको आचरण, आर्थिक-सामाजिक रुपान्तरण र जनचासोका विषयको सम्बोधनलगायत विषयलाई विद्यमान समस्या र चुनौतीका रुपमा प्रस्तुत गरिएको छ ।उच्च प्रविधियुक्त व्यवस्थापनमा भइरहेको परिषद् बैठकमा यसबीचमा पार्टीले चलाएको 'मिसन ग्रासरुट' अभियान, 'झुलाघाट-चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' जस्ता कामको समीक्षा गर्दै त्यसका आधारमा पार्टीलाई कसरी अगाडि बढाउने भन्ने विषयमा निष्कर्ष निकालिने महासचिव पोखरेलले बताउनुभयो ।

उहाँले मुलुकको आवश्यकता, जनचाहनाअनुसार राजनीतिक स्थायित्व, दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई सुनिश्चित गर्ने बलियो, सुदृढ र निर्णायक राष्ट्रिय शक्तिका रूपमा एमालेलाई विकसित गर्न परिषद् बैठकले स्पष्ट दिशानिर्देश गर्ने विश्वास व्यक्त गर्नुभयो ।दुई महाधिवेशनका बीचमा हुने ठूलो निकायका रूपमा रहेको परिषद् बैठकले 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौँ, जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौँ' भन्ने मूल नाराका साथ दशौँ महाधिवेशनबाट चुनिएको नेतृत्वका कामको समीक्षासहित भावी कार्यदिशा तय गर्ने सो पार्टीका सचिव योगेश भट्टराईको भनाइ छ ।

परिषद् बैठकमा केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष डा पुष्पराज कँडेल, केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बा र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहराका प्रतिवेदनमाथि छलफल हुनेछन् । बैठकबाट वर्ष २०८१ लाई पार्टी शुद्धीकरण तथा सुदृढीकरण वर्षका रूपमा अभियान सञ्चालन गर्ने विस्तृत कार्ययोजना छलफलसहित पारित गराउने तयारी रहेको एमालेको केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

सोमबार नेकपा स्थापनाको ७५औँ वर्षका अवसरमा सम्मानलगायत विशेष कार्यक्रम आयोजना गरिएको छ । जहाँ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीहरूलगायत शीर्ष नेताहरुको उपस्थिति रहने जनाइएको छ ।रासस

# आर्थिक समृद्धिको यात्रामा क्रियाशील हुनुपर्ने परराष्ट्रमन्त्रीको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले राजनीतिक परितर्वतनको औचित्य पुष्टि हुनेगरी आर्थिक समृद्धिको यात्रामा क्रियाशील हुनुपर्नेमा जोड दिएका छन् । नव वर्ष २०८१ का सन्दर्भमा गोरखा पत्रकार समाजद्वारा शनिबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले आर्थिक वृद्धिलाई तीव्र बनाएर फड्कोमा पुऱ्याउन केन्द्रित हुनुपर्ने बताए ।



उपप्रधानमन्त्री श्रेष्ठले आर्थिक विकास र समृद्धि केन्द्रीय कार्यभार रहेको उल्लेख गर्दै आर्थिक समृद्धिको यात्रालाई अघि बढाउन सञ्चार जगत्ले पनि प्रयत्न गर्नुपर्ने बताउदै आर्थिक विकास र समृद्धि हासिल गर्ने गरी जनमत निर्माण गर्न आग्रह गरेका थिए । “सामाजिक आर्थिक रुपान्तरणसँगै विकास र समृद्धि अबको मुख्य कार्यभार हो”, उपप्रधानमन्त्री श्रेष्ठले भने । सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयलाई जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्नेमा जोड दिँदै उनले शान्ति प्रक्रियाको बाँकी काम पूरा नगरी मुलुकमा दीगो शान्ति कायम हुन नसक्ने बताए ।

पछिल्लो समय विश्व परिस्थितिमा ठूलो बदलाव आएको उल्लेख गर्दै उहाँले भू-राजनीतिक अवस्थालाई ख्याल गर्दै कूटनीतिक श्रेष्ठता हासिल गर्नुपर्ने बताए । मुलुकको राजनीतिक परिवर्तनमा गोरखा जिल्लाको निकै ठूलो योगदान रहेको उल्लेख गर्दै उनले जिल्लाको विकासमा वर्तमान सरकारको ध्यान केन्द्रित रहेको बताए । पेसागत धर्म निर्वाह गरेर काम गर्न पत्रकारलाई सुझाव दिँदै उपप्रधानमन्त्री श्रेष्ठले सकारात्मक विषयवस्तुलाई जनतासमक्ष ल्याउन आग्रह गरे । उनले समाज रुपान्तरणको पक्षमा कलम चलाउन सञ्चारकर्मीलाई सुझाव दिएका थिए।

# संसद् जनताप्रति उत्तरदायी हुनुपर्छ : नारायणदत्त भट्ट

काठमाण्डु । सङ्घीय संसद्ले जनताको अपेक्षाअनुरुप प्रभावकारी रुपमा काम गर्न सकेको छैन । संसद्ले जनहितका काम गर्नुपर्छ । संसद् र सांसदका कामबाट जनता निरास छन् । सरकार बनाउने, ढाल्ने, मन्त्री बनाउने खेलमा नै सदन अल्मलिएको छ ।

सत्ता कसले प्राप्त गर्यो गरेन त्यो गौण कुरा हो । जनताले सेवा प्राप्त गरे वा गरेनन् त्यो महत्वपूर्ण विषय हो । देश र जनता पहिलो प्राथमिकता हुन् । शिक्षा, स्वास्थ्य, खानेपानीलगायत आधारभूत सेवासुविधा पहिलो प्राथमिकता हुनुपर्छ । कानुनले मात्रै सबै कुराको व्यवस्था हुँदैन । व्यवस्थापकीय पक्षलाई पनि ध्यान दिनुपर्छ ।

> “ जनताले पनि आफूले जिताएर पठाएका जनप्रतिनिधिको खबरदारी गर्नुपर्छ । मैले पठाएको प्रतिनिधिले के कसरी काम गरिरहेको छ ? जनप्रतिनिधिलाई सचेत गराउनुपर्छ । मुकदर्शक भएर बस्नुहुन्न ।



जनतालाई आधारभूत सेवा प्रभावकारी बनाउन संसद्, सरकार, राजनीतिक दल र नेताहरु जिम्मेवार भएर लाग्नुपर्छ । सांसदहरुको मुख्य दायित्व कानुन निर्माण भए पनि विकास सरोकारका विषयलाई प्राथमिकता दिनैपर्छ । जनताबाट निर्वाचित हामीले जनतासमक्ष गरेका वाचा पूरा गर्न सदनमार्फत पहल गर्नुपर्ने दायित्व बिर्सन हुँदैन । सङ्घीय संसद्ले आवश्यक कानुन चाँडो निर्माण गरिनुपर्ने थियो तर जनअपेक्षानुसार किन त्यसो हुन सकेन भन्ने हामीसँग चित्तबुझ्दो जवाफ छैन ।

राष्ट्रियसभाले प्रतिनिधिसभाबाट प्राप्त विधेयकलाई चाँडो पारित गराउन भूमिका खेलेको देखिन्छ । संसदीय समितिहरु पनि सक्रिय छन् । प्रतिनिधिसभाले पनि आएका विधेयकलाई चाँडो पारित गराउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ । कानुन निर्माणसँगै जनताको दैनिक जीवनका आवश्यक विषयलाई पनि प्राथमिकताका साथ उठाइनुपर्छ ।

जनताका दैनिक जीवनका कुरालाई बजेटले सम्बोधन गर्नुपर्छ । स्वास्थ्य, शिक्षा, खानेपानी, रोजगारीजस्ता आमजनताले पाउनुपर्ने आधारभूत सुविधा सहज रूपमा पाउनुपर्छ । कानुन बनाएरमात्र हुँदैन त्यसको कसरी व्यवस्थापन गर्ने भन्ने विषयलाई सांसदहरुले मनन गरेर जिम्मेवारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । पहिलो कुरा त संसद्को दायित्व जनताप्रतिनै बढी हुन्छ । दोस्रो कुरा, राष्ट्र र राष्ट्रियताको सम्वर्द्धन र संरक्षण हो । म, मेरो र हाम्रो भन्ने हैन । हामी, हाम्रो र राम्रो भन्ने कुरा हामीले ग्रहण गऱ्यौँ भने त्यसले जनजीविकामा पनि प्रभाव पार्छ ।

यस किसिमको भावनाले राष्ट्लाई भावनात्मक एकता कायम गर्दै राष्ट्रियतालाई सबल र प्रभावकारी बनाउँछ । यसबाट जातीय, वर्गीय, लैङ्गिक कुरा जो उठेको छ, त्यसलाई पनि मेटाउन सक्छ । हैन भने, म मात्रै ठीक हो जनता केही हैनन् केही जान्दैनन् भन्ने सोचबाट अगाडि बढियो भने कोही पनि सफल हुँदैन ।

त्यसैले आमजनताको भावनालाई आत्मसात् गरी राष्ट्रिय दायित्वलाई केन्द्रमा राखेर जनताको अपेक्षा पूरा गर्दै देशलाई आर्थिक समृद्धिको यात्रामा अगाडि बढाउन सबै जिम्मेवार भएर लाग्नुपर्छ । जनताप्रति उत्तरदायी नभए जनताले निर्वाचित गराएर पठाएको जनप्रतिनिधिको के अर्थ रहन्छ ? त्यस्ता जनप्रतिनिधिप्रति जनताले के सोच्छन् ?संसद्मा अस्वस्थ राजनीतिक खेल र अस्वस्थ प्रतिस्पर्धाले जनताका यथार्थ सवालओझेलमा परिरहेका छन् । संसद् मुख्य दायित्वभन्दा अरु विषयमा रुमल्लिएको जस्तो भान भएको छ । 'जे जसको जिम्मामा छ, आफ्नो जिम्मामा भएको काम जिम्मेवारीपूर्वक पूरा गरियो भने जनता निराश हुँदैनन्' यो सांसदको भूमिका पनि प्रभावकारी देखिन्छ ।

अहिलेको संसदीय अभ्यासप्रति म पूर्णरुपमा सन्तुष्ट छैन । संसद्ले गर्नुपर्ने काम गरिरहेको छैन । नगर्ने काममा बढी समय व्यतीत गरिरहेको छ । हामी जनताप्रति जसरी जिम्मेदार भएर सडक बनाउँछौँ, शिक्षा, स्वास्थ्यलगायत सबै कुराको प्रबन्ध गर्छौं भनेका छौँ त्यो जनताप्रतिको भूमिकालाई जिम्मेवारीपूर्वक पालना गर्नुपर्छ । सांसद भइसकेपपछि मन्त्री र प्रधानमन्त्री हुने खेलमा लाग्नुहुँदैन । यसरी लागिरह्यौँ भने जनतामा वितृष्णा आउन सक्छ । व्यवस्थामाथि नै प्रश्न उठ्न सक्छ ।

जनताले पनि आफूले जिताएर पठाएका जनप्रतिनिधिको खबरदारी गर्नुपर्छ । मैले पठाएको प्रतिनिधिले के कसरी काम गरिरहेको छ ? जनप्रतिनिधिलाई सचेत गराउनुपर्छ । मुकदर्शक भएर बस्नुहुन्न । पार्टीभन्दा माथि उठेर कुन सांसदले काम गरेको छ, त्यसको समीक्षा हुनुपर्छ । असल कामको समर्थन र काम नै नगर्नेप्रति प्रश्न उठाउनुपर्छ । यसले सांसदलाई पनि जनताप्रति उत्तरदायी बनाउँछ । जनताको मतको पनि कदर हुन्छ । नत्र एउटै प्रक्रिया, पद्धति र व्यवहारले कसैलाई पनि फाइदा पुग्दैन । सङ्घीय संसद्का दुवै सदनको कामलाई प्रभावकारी बनाएर जनताको मनोबल उच्च बनाउँदै देशलाई विकास र आर्थिक समृद्धिको दिशामा अगाडि बढाउन सबै सरोकारवाला जिम्मेवार भएर लाग्नुपर्छ ।रासस

# नेपालले अपनाएको समावेशी चरित्र विश्वमाझ पुरयाउनुपर्छ : मन्त्री चौधरी

**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिकातथाज्येष्ठनागरिकमन्त्री भगवती चौधरीले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि नेपालले अपनाएको समावेशी चरित्र विश्वमाझ पुरयाएर पर्यटनमा जग थप्नुपर्ने बताएकी छन् ।

इन्द्रेणी (रेन्बो) पर्यटन अन्तर ाष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री चौधरीले प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रमा पनि इन्द्रेणी पर्यटन आकर्षित गर्न सकिने बताईन् । पहिलो अन्तर ाष्ट्रिय सम्मेलन आयोजना गरेकोमा आयोजक एवं सहयोगीलाई धन्यवाद दिँदै मन्त्री चौधरीले इन्द्रेणी पर्यटन क्षेत्रबाट थाइल्याण्डको कुल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान रहेको तथ्य प्रस्तुत गरेकी थिईन् ।




लैङ्गिक समानता नीति २०७७ मै लागू भएको जनाउँदै मन्त्री चौधरीले नीति परिमार्जन गर्नका निम्ति छुट्टै निकाय तोकिएको उल्लेख गरिन् । उनले भनिन्, “लैङ्गिक समानता नीति २०७७ मा लागू भएको छ, पहिलो समलिङ्गी विवाह दर्ता भएको छ । विगतमा पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि लुम्बिनी र कोशी प्रदेशमा अभिमुखीकरण र सचेतनाका कार्यक्रम सञ्चालन भएका थिए, अब सातै प्रदेशमा सञ्चालन गर्ने तयारीमा छौँ ।”


नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा 'मायाको पहिचान नेपाल'ले सम्मेलनको आयोजना गरेको हो । मन्त्री चौधरीले लैङ्गिक समानताका लागि कानुन पर्याप्त रहेको र अहिले कार्यान्वयनको क्रममा रहेको जानकारी दिईन् । नेपालमा पहिलोपटक गत मङ्सिरमा लमजुङको दोर्दी गाउँपालिका कार्यालयले माया गुरुङ र सुरेन्द्र पाण्डेलाई समलिङ्गी विवाह दर्ताको प्रमाणपत्र दिएको थियो । माया र सुरेन्द्रको पहिलो विवाह दर्ता भएसँगै सुप्रिता गुरुङ र दिप्ती श्रेष्ठलाई बर्दियाको बढैयाताल गाउँपालिकाले समलिङ्गी विवाह दर्ताको प्रमाणपत्र दिएको छ ।

सो अवसरमा सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलले यौनिक तथा लैङ्गिक अल्पसंख्यक पर्यटकका लागि नेपाल सुरक्षित रहेको बताए । समलिङ्गी विवाह दर्ता हुन थालेकोले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि नेपालमा सम्मानित वातावरण रहेको उनले उल्लेख गरे । मायाको पहिचान नेपालका कार्यकारी निर्देशक सुनिलबाबु पन्तले यौनिक तथा लैङ्गिक अल्पसंख्यक पर्यटकलाई स्वागत गर्न नेपाल तयार रहेको बताए । “संवैधानिक अधिकार दिएको छ, अरू देशमा जाँदा डराइडराई जानुपर्छ”, उनले भने, “यहाँ (नेपालमा) सुरक्षा छ । समलिङ्गी विवाह 'हनिमुन डेस्टिनेसन'को रूपमा लैजाने सोचिरहेका छौँ ।”

नेपालका लागि युरोपियन युनियनकी राजदूत भेरोनिक लोरेन्जोले विश्वका एक सय ४५ देशमा गरिएको अध्ययनमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि नेपालको अवस्था राम्रो रहेको बताए । “एक सय ४५ देशमा नेपालको अवस्था राम्रो र उत्साहप्रद देखिएको छ । अनुकरणीय छ । प्रगति राम्रो भएको छ”, उनले भने, “समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने नेपाल एसियामा दोस्रो देश बनेको छ ।”

पर्यटन सम्मेलनमा अमेरिका, न्यूजील्याण्ड, जर्मनीका पर्यटन व्यवसायीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । भारतीय लेखक एवं म्याथोलोजिष्ट देवदत्त पटनायक र पारोमिताले यौनिकता तथा लैङ्गिकताबारे पुराना तथ्यहरू प्रस्तुत गरेका थिए ।

# एआईको अनवरत वृद्धिले पत्रकारहरूलाई कठिन छनोट प्रदान



एएफपी

पेरुगिया ।आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता वा एआई) को वृद्धिले बढ्दो संख्यामा पत्रकारहरूलाई द्रुत रूपमा विस्तार हुँदै गएको र प्रविधिबाट उत्पन्न हुने नैतिक र सम्पादकीय चुनौतीहरूको सामना गर्न बाध्य पारेको छ । इटालेली सहर पेरुगियामा भएको अन्तर ाष्ट्रिय पत्रकारिता महोत्सवमा उठेका प्रश्नहरूमध्ये न्युजरुमलाई सहयोग गर्न वा तिनीहरूलाई पूर्णरूपमा रूपान्तरण गर्न एआईको भूमिका रहेको थियो ।

**एआईको वृद्धिले जागिरलाई कस्तो असर पर्ला ?**

मानव बौद्धिकताको नक्कल गर्ने एआई उपकरणहरू विश्वभरका न्यूजरूमहरूमा ध्वनि फाइलहरू ट्रान्सक्राइब गर्न, पाठहरू संक्षेप गर्न र अनुवाद गर्न व्यापकरूपमा प्रयोग गरिन्छ । सन् २०२३ को प्रारम्भमा जर्मनीको एक्सेल स्प्रिङ्गर समूहले बिल्ड र डाइ वेल्ट अखबारहरूमा जागिरहरू कटौती गरिरहेको घोषणा गरेको र एआईले अब आफ्ना केही पत्रकारहरूलाई प्रतिस्थापन गर्न सक्ने जनाएको छ ।जेनेरेटिभ एआईले दैनिक भाषामा साधारण अनुरोध पछ्याएर पाठ र छविहरू उत्पादन गर्न डेढ वर्षदेखि नयाँ सीमाहरू खोल्दै र चिन्ता बढाउँदै आएको छ ।

आवाज र अनुहार अब पोडकास्ट उत्पादन गर्न वा टेलिभिजनमा समाचार प्रस्तुत गर्न क्लोन गर्न सकिन्छ । गत वर्ष फिलिपिनो वेबसाइट र्‍याप्लरले आफ्ना लामा लेखहरूलाई कमिक्स, ग्राफिक्स र भिडियोहरूमा रूपान्तरण गरेर युवा दर्शकहरूलाई लक्षित गरी ब्रान्ड सिर्जना गरेको थियो ।मिडियाकर्मीहरू व्यापारमा सबैभन्दा ठूलो थप मूल्य प्रस्ताव गर्ने कार्यहरूमा केन्द्रित हुनुपर्नेमा सहमत भएका छन् । "तपाईं नै वास्तविक सामानहरू गर्ने व्यक्ति हुनुहुन्छ र हामीले उत्पादन गर्ने उपकरणहरू तपाईंका लागि सहायक हुनेछन्", गुगल समाचारका महाप्रबन्धक शैलश प्रकाशले पेरुगिया महोत्सवमा भन्नुभयो ।

**पैसाको बारेमा**

सन् २०२२ को उत्तरार्धमा च्याटजिपिटी देखा परेपछि जेनेरेटिभ एआईको लागत घटेको र 'युएस स्टार्ट-अप ओपेन एआई'द्वारा डिजाइन गरिएको उपकरणले अब साना न्यूजरूमहरूमा पहुँच योग्य बनाएको छ । कोलम्बियाई खोज आउटलेट क्युसन पब्लिकाले इन्जिनियरहरूलाई एउटा उपकरण विकास गर्न प्रयोग गरेको छ । यसले यसको अभिलेखहरूमा खोजी गर्न र ब्रेकिङ न्यूजको घटनामा पृष्ठभूमि जानकारी फेला पार्न सक्ने बताएको छ । "तर धेरै मिडिया सङ्गठनले एआई इन्टरफेसको केन्द्रमा रहेको आफ्नै भाषा मोडेलहरू बनाउँदैनन्", एम्स्टर्डम विश्वविद्यालयका प्राध्यापक नताली हेलबर्गरले भन्नुभयो, "तिनीहरू सुरक्षित र भरपर्दो प्रविधिका लागि आवश्यक छ ।"

**गलत सूचनाको धम्की**

एभ्रीपिक्सेल जर्नलको गत वर्षको अनुमानअनुसार एआईले एक सय ५० वर्षमा फोटोग्राफीमा जति तस्बिरहरू एक वर्षमा सिर्जना गरेको छ । यसले गहिरो प्रश्नहरू खडा गरेको छ । मिडिया र प्राविधिक सङ्गठनहरूले खतरालाई सम्बोधन गर्न टोली बनाउँदै र विशेषगरी कन्टेन्ट प्रोभेनेन्स एन्ड अथेन्सिटीका लागि गठबन्धनमार्फत साझा मापदण्डहरू सेट गर्न खोजेको छ ।"हाम्रो मुख्य काम भनेको समाचार सङ्कलन, प्रत्यक्ष स्थलगत रिपोर्टिङ हो" हालै एएफपी सम्पादकीय नवप्रर्वतन र कृत्रिम बौद्धिकताका लागि विश्वव्यापी समाचार निर्देशक बन्न नियुक्त गरिनुभएकी सोफी ह्युटनले भन्नुभयो, "हामी मानव रिपोर्टरहरूमा केही समयका लागि निर्भर हुनेछौं तर यो कृत्रिम बौद्धिकताको सहयोगले हुनसक्छ ।"

**वाइल्ड वेस्टदेखि नियमनसम्म**

विश्वसनीय समाचारको रक्षा गर्न आफ्नो मिडिया अधिकार संक्षिप्त विस्तार गरेको मिडिया अधिकार वाचडग रिपोर्टर्स विदाउट बोर्डर्सले गत वर्षको अन्तमा एआई र पत्रकारितामा पेरिस चार्टर सुरू गरेको थियो ।

"प ेरिस चार्टरबारे मलाई साँच्चै मनपर्ने कुरामध्ये एउटा पारदर्शितामा जोड थियो", अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा ग्लोबल मिडिया, इनोभेसन र मानवअधिकारका लेक्चरर आन्या शिफ्रिनले भन्नुभयो, "उनीहरूले जेनेरेटिभ एआई प्रयोग गर्दा प्रकाशकहरूले कति हदसम्म खुलासा गर्नुपर्छ ?""गम्भीर बहस चलिरहेको छ : के तपाईंले एआई सामग्री चिह्न लगाउनुपर्छ वा मानिसहरूले तपाईंको ब्रान्तमा विश्वास गर्नुपर्छ ?", सार्वजनिक प्रसारक स्विडिस रेडियोमा एआई र समाचार रणनीतिका प्रमुख ओले जाक्रिसनले भन्नुभयो । उहाँले निरन्तर विकसित हुँदै गएको प्रविधिको सामना गर्दा नियमन आफ्नो बाल्यवस्थामै रहने बताउनुभयो ।

मार्चमा युरोपेली संसद्ले नवप्रवर्तनलाई नरोकी एआई मोडेलहरूलाई नियमन गर्ने लक्ष्य राखेको एउटा रूपरेखा कानून ग्रहण गर्‍यो तर दिशानिर्देशहरू र चार्टरहरू न्युजरुममा द्रुतरूपमा सामान्य भइरहेका छन् । भारतको क्विन्टिलियन मिडियामा हरेक तीन महिनामा एआई सम्पादकीय दिशानिर्देश अध्यावधिक गर्ने गरिएको उक्त मिडियाका मालिक रितु कपुरले बताउनुभयो । संस्थाको कुनै पनि लेख एआईमार्फत लेख्न सकिँदैन र यसले सिर्जना गर्ने छविले वास्तविक जीवनलाई प्रतिध्वनित गर्न सक्दैन ।

**विरोध कि सहयोग गर्ने ?**

एआई मोडेलहरूले डाटालाई फिड गर्दछन् तर महत्त्वपूर्ण वस्तुका लागि समस्या बढाएका छन् । डिसेम्बरमा न्यूयोर्क टाइम्सले प्रतिलिपि अधिकार उल्लङ्घनका लागि ओपनएआई र यसको मुख्य लगानीकर्ता माइक्रोसफ्टलाई मुद्दा हालेको छ ।

यसको विपरित, अन्य मिडिया सङ्गठनहरूले ओपनएआईसँग सम्झौता गरेका छन् । एक्सेल स्प्रिङ्गर, अमेरिकी समाचार एजेन्सी एपी, फ्रान्सेली दैनिक मोन्डे र स्पेनी समूह प्रिसा मिडियाले ओपनएआईसँग सम्झौता गरेका हुन् ।

यिनीहरूको शीर्षकमा एल पेस र एएस अखबारहरू समावेश भएका छन् ।कोलम्बिया विश्वविद्यालयको पत्रकारिता स्कूलका प्राध्यापक एमिली बेलले मिडिया उद्योगमा स्रोतसाधनको अभाव भएकाले नयाँ प्रविधिसँग सहकार्य गर्न आकर्षक रहेको बताउनुभयो ।

# आइओसीद्वारा ओलम्पिक आर्टिफिसियल इन्टेलिजेन्स एजेन्डा सुरु



सिन्ह्वा

लन्डन । अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आइओसी) ले शुक्रबार ओलम्पिक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) एजेन्डा सुरू गरेको छ । एआईले खेलकुदका लागि प्रदान गर्न सक्ने परिकल्पना गरिएको प्रभाव र आइओसीले कसरी विश्वव्यापी नेतृत्व गर्न चाहन्छ भन्ने कुराको स्थापना गरेको छ ।

सन् २०१२ को लन्डन ओलम्पिक खेलहरूका लागि स्थलमध्येको लि भ्याली भेलोपार्कमा आयोजित उद्घाटन कार्यक्रममा आइओसी अध्यक्ष थोमस बाचले 'ओलम्पिक एआई एजेन्डा'लाई यस क्षेत्रमा ओलम्पिक आन्दोलनका नेताद्वारा पहिलो दृष्टिकोणको रूपमा प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो, "यो ओलम्पिक एआई एजेन्डाले अवसर र जोखिम दुवैलाई प्रस्तुत गर्दछ । यो एक वैचारिक र एकै समयमा व्यावहारिक दृष्टिकोण हो । यसले हाम्रो दृष्टि र महत्त्वाकांक्षालाई परिभाषित र एआईको पूर्ण क्षमतालाई अँगालेर हाम्रा मार्गदर्शक सिद्धान्तहरूलाई परिभाषित गर्दछ ।"आईओसीले खेलाडीहरूलाई समर्थन गर्ने, स्वच्छ प्रतिस्पर्धा, सुरक्षित खेलकुद, एआईका फाइदाहरूमा समान पहुँच सुनिश्चित गर्ने, दिगोपन, बढ्दो संलग्नतामा ध्यान केन्द्रित गर्दै ओलम्पिक र पाराओलम्पिक खेल सञ्चालनलाई अनुकूलन गर्ने लगायत पाँचवटा मुख्य फोकस क्षेत्रहरूमा प्रभावकार ीरूपमा लाभान्वित गर्ने रणनीतिक लक्ष्य परिभाषित गरेको छ ।

अध्यक्ष बाचले ओलम्पिक एआई एजेन्डाको केन्द्र खेलाडीहरू रहेको उल्लेख गर्दै भन्नुभयो, "किनकी खेलाडीहरू ओलम्पिक आन्दोलनका मुटु हुन् ।" उहाँका अनुसार एआईले संसारका हरेक कुनामा खेलाडी र प्रतिभा पहिचान गर्न सहयोग गर्न सक्छ तथा थप खेलाडीहरूलाई व्यक्तिगत प्रशिक्षण विधि, उत्कृष्ट खेल उपकरण, फिट र स्वस्थ रहन थप व्यक्तिगत कार्यक्रमहरूमा पहुँच प्रदान गर्न सक्छ ।

खेलकुद प्रदर्शनभन्दा बाहिर एआईले न्याय र रेफ्रीमा क्रान्ति ल्याउन सक्नेछ । यसबाट खेलकुदमा निष्पक्षतालाई बलियो बनाउने र खेलकुद सुरक्षामा सुधार ल्याउन सक्छ । एआईले खेलकुद कार्यक्रमहरूको आयोजनालाई अत्यन्त प्रभावकारी बनाउने, खेल प्रसारणलाई रूपान्तरण गर्ने र दर्शकको अनुभवलाई धेरै व्यक्तिगत राख्ने अध्यक्ष बाचले भन्नुभयो ।

# गोल्डकपको तयारी पूरा

टुडे समाचारदाता

भोजपुर । भोजपुरमा आइतबारबाट सञ्चालन हुने सातौं अन्तर्राष्ट्रिय आमन्त्रित मेयर भोजपुर गोल्डकप प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ । भोलि आइतबारदेखि १५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक भोजपुर जिल्ला फुटबल सङ्घले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

भोजपुर रङ्गशालामा सञ्चालन हुने प्रतियोगितामा 'ए' डिभिजनका दुई क्लबसहित आठवटा टोलीको सहभागिता रहने आयोजक जिल्ला फुटबल सङ्घका अध्यक्ष प्रवीण सुवालले जानकारी दिए ।

गोल्डकपमा 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र विभागीय टोली त्रिभुवन आर्मी क्लबले सहभागिता जनाउने छ ।

प्रतियोगितामा जर्जियन फुटबल क्लब भारत, त्रिभुवन आर्मी क्लब काठमाडौं, चर्च ब्वाइज युनाइटेड काठमाडौं, राजारानी फुटबल क्लब धनकुटा, डाँगीहाट युथ क्लब मोरङ, सलहेश युवा क्लब सिरहा, खोटाङ भगवती स्पोर्टस् क्लब र आयोजक भोजपुर जिल्ला फुटबल सङ्घ गरी आठ टोलीको सहभागिता रहने छ ।

प्रतियोगिता सञ्चालनका लागि रु ४९ लाख २५ हजार पाँच सय लागत अनुमान गरिएको छ । भोजपुर नगरपालिकाले रु ३० लाख विनियोजन गरेको छ ।

बाँकी रकम प्रायोजकहरुबाट जुटाइने छ । हालसम्म रु १० लाख रकम जुटेको आयोजकको भनाइ छ । प्रतियोगिताका विजेता तथा उपविजेताले उपाधिसहित क्रमशः नगद रु पाँच लाख र तीन लाख पाउनेछन् । व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोल रक्षकले पुरस्कार पाउनेछन् ।

भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा सञ्चालन हुन लागेको प्रतियोगिताको सहप्रायोजक राष्ट्रिय वाणिज्य बैंक र प्रायोजकमा साल्ट ट्रेडिङ




कर्पोरेसन, शिवम फुटवेयर्स प्रालि, साङ्गिला चप्पल, युडी विल्डर्स भोजपुर र तेज कन्ट्रक्सन काभ्रे र संयुक्त बस व्यवसायी भोजपुर रहेका छन् ।

**प्रतियोगिता सञ्चालनका लागि रु ४९ लाख २५ हजार पाँच सय लागत अनुमान गरिएको छ । भोजपुर नगरपालिकाले रु ३० लाख विनियोजन गरेको छ । बाँकी रकम प्रायोजकहरुबाट जुटाइने छ । हालसम्म रु १० लाख रकम जुटेको आयोजकको भनाइ छ ।**

●●●

# 'टेस्ला दायित्व' का कारण मस्कद्वारा भारत भ्रमण स्थगित



एएफपी

नयाँदिल्ली । अर्बपति एलोन मस्कले आफ्नो भारत भ्रमण स्थगित गरेको शनिबार बताउनुभएको छ । भ्रमणका क्रममा टेस्लाका मालिक मस्कले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने र ठूला लगानी योजनाहरूमा छलफल गर्ने कार्यक्रम थियो ।

मस्कको विद्युतीय कार कम्पनी टेस्लाले एक्सिलेरेसन पेडलमा खराबीका कारण करिब चार हजार साइबरट्रक सवारीलाई फिर्ता बोलाउने घोषणा गरेको एक दिनपछि उहाँको भारत भ्रमण स्थगित भएको समाचार आएको हो ।

"दुर्भाग्यवश धेरै भारी टेस्ला दायित्वका कारण भारत भ्रमणमा ढिलाइ भएको छ तर म यस वर्षको अन्त्यमा भ्रमणका लागि अत्यन्त उत्सुक छु", आफ्नो सामाजिक मिडिया प्लेटफर्म एक्समा एक पोस्टमा उहाँले भन्नुभयो ।

सञ्चारमाध्यमहरूले आइतबारदेखि हुने दुई दिवसीय भ्रमणका क्रममा मस्कले मोदी र एयरोस्पेस कम्पनीहरूसँग भेट गर्नुहुने बताएका थिए ।

गत महिना सरकारले विश्वव्यापी सवारी निर्माताहरूका लागि विद्युतीय सवारीमा आयातमा कर कटौती गरेपछि टेस्लाले भारतमा कारखाना स्थापना गर्ने स्थानहरूको खोजी गरिरहेको थियो ।

कम्पनीले ५० करोड डलर लगानी गर्ने र तीन वर्षभित्र स्थानीय उत्पादन सुरु गर्ने प्रतिबद्धता जनाएको थियो । सरकारको उक्त नीतिले प्रत्येक वर्ष ३५ हजार डलर वा त्योभन्दा धेरै मूल्य भएका आठ हजार विद्युतीय सवारीको आयातमा शुल्क घटाएको छ ।

टेस्लाले उत्पादन लाइन स्थापना गर्नेबारे अन्तिम निर्णय नलिएसम्म उसले पहिलो पटक आफ्नो बर्लिन कारखानाबाट कारहरूको आयात गर्न सक्ने भारतीय सञ्चारमाध्यमहरूले बताएका छन् । टेस्लाका कारहरूको मूल्य धेरै भएकाले भारतीय बजारमा कम्पनीलाई तत्काल बढत मिल्ने सम्भावना कम रहेको विशेषज्ञहरूले बताएका छन् ।

टेस्लाको अहिलेसम्मको सबैभन्दा सस्तो मोडेल भनेको मोडेल ३ सेडान हो । यसको मूल्य अमेरिकामा करिब ३९ हजार डलर छ ।

भारतमा मस्कको वर्तमान व्यावसायिक रुचि यसअघि ट्विटर नामले चिनिने एक्ससम्म सीमित छ ।

आफ्नो सामाजिक मिडिया प्लेटफर्ममा कथितरूपमा आलोचनात्मक पोस्ट हटाउन भारत सरकारको मागलाई लिएर उहाँले अभिव्यक्ति स्वतन्त्रताका कार्यकर्ताहरूको प्रश्नहरूको सामना गर्नुपरेको छ । आफूलाई मोदीको प्रशंशक बताउनुहुने मस्कले पछिल्लो पटक सन् २००७ मा भारतको भ्रमण गर्नुभएको थियो र भारतलाई 'अद्भूत' भन्दै ताज महल 'वास्तवमा विश्वको आश्चर्य' रहेको बताउनुभएको थियो ।

# नयाँ वित्तीय साधनका लागि विश्व बैंकलाई ११ अर्ब अमेरिकी डलर कोष प्राप्त

एएनआई

वासिङ्टन । विश्व बैंकले ऋण क्षमता अभिवृद्धि तथा साझा विश्वव्यापी चुनौतीहरूको सम्बोधन गर्ने उद्देश्यले नयाँ वित्तीय साधनहरूका लागि ११ अर्ब अमेरिकी डलरको अनुमोदन प्राप्त गरेको छ ।

एघार देशले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्म, हाइब्रिड क्यापिटल संयन्त्र र नयाँ कोषका लागि कूल ११ अर्ब अमेरिकी डलरको प्रतिबद्धता घोषणा गरेको बैंकद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । विश्व बैंक समूहको लिभरेजिङ क्षमताले प्रदान गरिएका स्रोतहरूमा १० वर्षमा छदेखि आठ गुणा गर्न अनुमति दिन्छ र प्रतिज्ञा गरिएको स्रोतहरूमा निश्चित परिस्थितिमा यो १० गुणासम्म पुग्न सक्छ ।यी प्रतिज्ञा गरिएका स्रोतहरूले सीमापार चुनौतीहरूको सामना गर्न र विकास लक्ष्यहरूलाई अगाडि बढाउन तत्काल कोषमा ७० अर्ब डलरसम्म उपलब्ध गराउन सक्छ ।




"हामीले यी नयाँ वित्तीय साधनहरू विकास गर्न कडा परिश्रम गरेकाले हाम्रो उधारो क्षमतालाई बढावा दिन्छ, दाता कोषलाई बढाउँछ र अन्ततः हामीलाई धेरै मानिसको जीवनमा सुधार गर्न अनुमति दिन्छ", विश्व बैंक समूहका अध्यक्ष अजय बङ्गाले भन्नुभयो, "यी मुलुकका उदारता हामीले बैंक सुधार गर्न गरेको प्रगतिको समर्थन हो र विश्वव्यापीरूपमा विकासका लागि उनीहरूको साझा प्रतिबद्धताको सङ्केत पनि हो ।" बेल्जियम, फ्रान्स, जापान, अमेरिकालगायत ११ मुलुकले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्ममा प्रतिज्ञा गरेका छन् भने डेनमार्क, जर्मनी, इटाली, लाटभिया, नेदरल्यान्ड्स, नर्वे र बेलायतले हाइब्रिड पूँजीका लागि प्रतिबद्धता व्यक्त गरेका छन् । जापानले नयाँ लिभेवल प्लानेट फन्डमा प्रारम्भिक योगदान गर्नका लागि प्रतिबद्धता जनाएको छ । मुलुकहरूको आपसी योगदानले पर्यावरणीय चुनौतीहरूको सामनामा अन्तर्राष्ट्रिय सहयोगको महत्त्वमाथि प्रष्ट पार्दछ ।

# थाई–म्यान्मा सीमा सहर नजिकै फेरि झडप सुरु

एएफपी

बैङ्कक । एक साताको शान्तिपछि म्यान्माको जुन्ता र सशस्त्र जातीय समूहहरूबीच थाइल्यान्डको सीमा नजिकैको एउटा महत्त्वपूर्ण व्यापारिक केन्द्र नजिकै पुनः झडपहरू सुरु भएको एक सशस्त्र समूहका प्रवक्ता र थाई सेनाले शनिबार बताएका छन् । सन् २०२१ मा सेनाले लोकतान्त्रिकरूपमा निर्वाचित सरकारलाई अपदस्त गरेपछि म्यान्मा द्वन्द्वको चपेटामा परेको छ । यसै महिनाको प्रारम्भमा म्यान्माको व्यापारिक केन्द्र म्यावाडी वरपर भीषण लडाइँ सुरु भएको थियो र सेना सहरमा आफ्नो स्थितिबाट पछि हट्न बाध्य भएको थियो ।

गत साता यस क्षेत्र अधिकांश शान्त रहेको थियो र स्थानीय बासिन्दाले कुनै लडाइँ नभएको बताएका थिए । यद्यपि



एउटा क्षेत्रीय गुटले शुक्रबार जारी स्थितिमाथि 'गहिरो चिन्ता' व्यक्त गरेको थियो । जुन्ताविरोधी करेन नेसनल युनियन (केएनयु) का अनुसार पहिलेका झडपहरूमा केही सैनिकले म्याडवाड्डीलाई थाई सहर माई सोटसँग जोड्ने एउटा पुलमुनि शरण लिएका थिए । केएनयुका प्रवक्ता पडोह साव ताव नीले म्यावाडीमा समूहले जुन्ताविरुद्ध लडिरहेको पुष्टि गर्नुभयो । यद्यपि उहाँले थप विवरण दिनुभएन ।

शनिबार बिहान सीमामा तैनाथ थाई सेनाको एउटा एकाइले पुलमुनि जुन्ता सैनिकलाई निशाना बनाउने बलहरूसँग झडप भइरहेको बताएको छ । राजम्नु स्पेसल टास्क फोर्सले फेसबुकमा भनेको छ, "अहिले लडाइँ जारी छ, कुनै क्षतिको जानकारी प्राप्त भएको छैन ।"दोस्रो मैत्रीपूर्ण पुलमुनि सशस्त्र बलहरूले सैनिकहरूविरुद्ध 'ड्रोन' तैनाथ गरेको राजम्नु स्पेसल टास्क फोर्सले बताएको छ । नगदको अभावमा रहेको म्यान्माको सेनाका लागि म्यावाडी प्रमुख व्याापरिक विन्दु हो । थाई टास्क फोर्सले पुल बन्द भएको पुष्टि गर्दै त्यहाँ आफ्ना सैनिक उभिएको बताएको छ ।

थाई विदेशमन्त्री पर्नप्री बहिधा-नुकाराले ट्विट गर्दै शुक्रबार राति भएको झडपको रिपोर्टपछि स्थितिलाई नजिकबाट नियालिरहेको बताउनुभएको छ । व्यापारिक सहर म्यावाडीका पोस्टहरूबाट सैनिकहरूलाई हटाउने निर्णय जुन्ताका लागि ठूलो झट्का थियो । यसबाट हालका महिनामा जुन्ताले धेरै घाटा बेहोर्नुपरेको छ । जुन्ताका लागि म्यावाडी विशेष महत्त्वपूर्ण छ । यहाँबाट अप्रिलसम्मको १२ महिनामा एक अर्ब १० करोड डलरभन्दा बढीको व्यापार भएको थियो ।

म्यावाडीका एक ट्रक चालकले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा आफूले झडपहरूको आवाज सुनेको बताउनुभयो । "लडाइँ सहरमा नभएर सहरबाहिर भएको छ, हामीले अहिलेसम्म केही सुनेका छैनौं ।" स्थानीय थाई मिडियाले शनिबार बिहानै थाइल्यान्डमा प्रवेश गर्नका लागि लाइनमा उभिएका मानिसहरूको भिडियो साझा गरेका थिए ।

# कुम्भमेलामा १० दिनमा दुई लाख सहभागी



धरान । सुनसरीको बराहक्षेत्र नगरपालिका-१ चतराधाममा सञ्चालन भइरहेको १२ वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलामा १० दिनमा दुई लाखभन्दा बढी दर्शनार्थी सहभागी भएका छन् ।

बाह्रवर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेला मूल आयोजक समितिको तथ्याङ्कअनुसार मेलामा सामान्य अवस्थामा दैनिक १५ हजारभन्दा बढी र महास्नानका बेला २५ देखि ३० हजार दर्शनार्थी सहभागी हुने गरेका छन् । मूल आयोजक समितिका सहअध्यक्ष तथा बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीले दैनिक दर्शनार्थी बढिरहेको बताउनुभयो । आयोजकले एक महिनाभरमा करिब ३० लाख दर्शनार्थी सहभागी हुने अनुमान गरेर सोहीअनुरुप मेलाको व्यवस्थापन गरिएको जनाएको छ । दश दिन बितिसक्दा जम्मा दुई लाखमात्र दर्शनार्थी सहभागी हुनुले आयोजकले लक्ष्यअनुसार एक महिनामा ३० लाख दर्शनार्थी सहभागी आउन सम्भव नहुने चर्चा चलिरहेको छ ।

सहअध्यक्ष तथा नगरप्रमुख कार्की भने दैनिकरुपमा दर्शनार्थी बढ्दै गएकाले अन्तिमसम्ममा लक्ष्य पूरा हुने अपेक्षा गरिएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “पछि दर्शनार्थी बढ्दै जाने विगतको पनि अवस्था हेर्दा हामी लक्ष्यमा पुग्छौं भन्ने लाग्छ ।” कुम्भमेलामा बिहानैदेखि दर्शनार्थीको भीड लाग्ने गरेको छ । सप्तकोसीमा स्नान गर्न, कुम्भको दर्शन गर्न, प्रवचन सुन्न र घुमघाम गर्न दर्शनार्थी आइरहेका छन् । कुम्भमा सहभागी हुन पूर्वी नेपालबाट मात्र होइन पश्चिमका बैतडी, दाङ, बाजुरा, अछाम, डडेलधुरालगायतका जिल्लाबाट मान्छेहरु आइरहेको कार्कीले बताउनुभयो ।

त्यस्तै मधेसका सप्तरी, सिरहादेखि भारतबाटसमेत उल्लेख्यरुपमा दर्शनार्थी आइरहेको आयोजकको भनाइ छ । टाढादेखि आउने दर्शनार्थीका लागि खाना र बस्नको व्यवस्था मिलाइएको छ ।

त्यस्तै यातायात, पार्किङ, पानी, शौचालय जस्ता आधारभूत कुराहरुको उचित व्यवस्थापन गरिएकाले अधिकांश दर्शनार्थी सन्तुष्ट देखिएको सहअध्यक्ष तथा नगर प्रमुख कार्कीको भनाइ छ ।रासस

# सुनकोसी मरिण डाइभर्सन : सुरुङ खन्न एक सय १० मिटर बाँकी

काठमाण्डु । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सुनकोसी मरिण डाइभर्सन परियोजनाको सुरुङ निर्माण अन्तिम चरणमा पुगेको छ । आयोजनाको सुरुङ खन्ने काम अब एक सय १० मिटर मात्रै बाँकी रहेको छ ।

तराई-मधेसका विभिन्न जिल्लामा १२ महिना नै सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ सुरु गरिएको निर्माण प्रक्रियामा उल्लेख्य सफलता हासिल भएको छ । कुनै भौगोलिक जटिलता उत्पन्न नभएका खण्डमा यही वैशाख २६ गते विशेष समारोहको आयोजना गरी सुरुङ ब्रेक थ्रु गर्ने अन्तिम तयारी गरिएको आयोजनाले जनाएको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङमध्ये हालसम्म १३ दशमलव एक सय ९० किलोमिटर सुरुङ निर्माण सम्पन्न भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले वैशाख २६ गते सुरुङको ब्रेक थ्रु गर्नुहुनेछ । ब्रेक थ्रुको आवश्यक तयारी भइरहेको छ । “प्रधानमन्त्रीको समय मिलाइसकिएको छ र अन्य आवश्यक तयारी पनि भइरहेको छ”, आयोजना प्रमुख मित्र बरालले भन्नुभयो ।

सुरुङ निर्माणका क्रममा सामान्य भौगोलिक जटिलता उत्पन्न भए पनि त्यसलाई समाधान गरेर अगाडि बढिएको जानकारी दिँदै आयोजना प्रमुख बरालले भन्नुभयो, “ग्राउटिङलगायतका विधि प्रयोग गरेर समस्याको समाधान गरिएको छ, सुरुङ निर्माण निरन्तररुपमा अगाडि बढिरहेको छ ।”

सुरुङ निर्माणमा अटोमेटिक टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरिएको छ । भेरी बबई डाइभर्सन आयोजनापछि सुनकोसी मरिणमा पनि टिबिएम मेसिन प्रयोग गरिएको हो । उपकरणको प्रयोग गरी सुरुङ निर्माण गर्दा त्यसले सकारात्मक प्रभाव पारेको छ । अन्य आयोजनाको पनि त्यस्तै उपकरणको प्रयोग गर्न सकारात्मक वातावरण बनेको बताइएको छ ।ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रमुखलगायतका अधिकारीलाई आयोजना स्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न तथा आयोजनाको काममा कुनै पनि गत्यावरोध आउन नदिन नियमित निर्देशन दिनुभएको छ । सुरुङ निर्माणसँगै बाँध निर्माणको कामलाई समेत गति दिइएको छ ।



निर्माण व्यवसायी परिचालनमा विशेष ध्यान दिन तथा आवश्यक सहजीकरण गरी हरेक १५ दिनमा जलस्रोत तथा सिँचाइ विभाग र हरेक एक महिनामा आयोजनाको समग्र प्रगति विवरण प्रस्तुत गर्न मन्त्रालयले यसअघि नै निर्देशन दिएको थियो । प्रधानमन्त्री दाहालले नियमितरुपमा आयोजनाका सन्दर्भमा चासो राख्दै आएकाले पनि काम गर्न सहज भएको आयोजनाले जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेको ‘एक्सन रुम’बाट आयोजनाको नियमित अनुगमन भइराखेको छ ।

आयोजना प्रमुख बरालका अनुसार २०७९ साल असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ निर्माण हुनेछ । नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरेर खनिएको भने दोस्रो पटक हो । यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो । पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टिबिएम प्रभावकारी उपकरणका रुपमा स्थापित भएको छ । सुनकोसी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन ।

बाँध तथा विद्युत् गृह निर्माणमा संलग्न निर्माण व्यवसायीले तोकिएअनुसार काम गर्न सकेका छैनन् । निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति भएको छैन । विद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भइसकेको छ ।सुनकोसी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । बाँध तथा विद्युत् गृह निर्माणका लागि भारतीय कम्पनी पटेल इञ्जिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ ।

आगामी बर्खाअघिसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुर्‍याउने लक्ष्य राखिएको छ । वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ । यस्तै विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ । सो आयोजनाबाट तराई-मधेसका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री र ऊर्जामन्त्रीको प्रतिबद्धता भएकाले आफूहरुलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ ।

यसअघि सुरुङ निर्माणमा भौगर्भिकरुपमा रहेको जटिलताका कारण पटकपटक समस्या देखिएको थियो । सुनकोसी गाउँपालिका-७ कानढुङ्गीस्थित सिन्धुली र रामेछापको सिमाना भएर बग्ने सुनकोसी नदीलाई मरिण खोलामा पथान्तरण गरिनेछ । सुनकोसीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । त्यसपछि वाग्मती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इञ्जिनियरिङले गरिरहेको छ । बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । विसं २०८४ को असोजमा सो आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँध र विद्युत् गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोसी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ ।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारका रुपमा रहेको मध्य तराईका पाँच जिल्लामा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुनेछ । त्यसले खाद्य उपज उत्पादनमा गुणात्मक परिवर्तन आउनेछ । सो आयोजनामा प्रयोग भएको टिबिएम उपकरण प्रयोग गरी फुर्कोट-फूलबारी सुरुङ निर्माण गर्ने प्रारम्भिक तयारी गरिएको छ । टिबिएमलाई केही परिवर्तन गरी सडक पूर्वाधारमा प्रयोग हुने सुरुङ निर्माण गर्न सकिने बताइन्छ ।रासस

# सगरमाथा आरोहणबाट उठ्यो ५० करोडभन्दा बढी राजस्व

काठमाण्डु । वसन्तयाममा सर्वोच्च शिखर सगरमाथा आरोण गर्नेबाट रु ५० करोडभन्दा बढी राजस्व सङ्कलन भएको छ । पर्यटन विभागका अनुसार यस यामका लागि सगरमाथा आरोहण गर्न अनुमति लिएका तीन सय ५२ जनाबाट रु ५० करोड ५६ लाख ६५ हजार तीन सय ९९ रोयल्टी रकम सरकारी खातामा जम्मा भएको हो ।

विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङले सगरमाथा आरोहणमा उत्साहवर्द्धकरुपमा आरोही आइरहेको बताउनुभयो ।

उहाँका अनुसार सगरमाथा आरोहीबाट हालसम्म राजस्व राजस्व सङ्कलन भइरहेको छ । अघिल्लो वर्षकै हाराहारी रोयल्टी उठ्ने अनुमान गरिएको उहाँले बताउनुभयो ।

विभागले अद्यावधिक गरेको विवरणअनुसार सगरमाथा आरोहणका लागि ३३ आरोही समूहका ६५ महिला र दुई सय ८७ पुरुष गरी जम्मा तीन सय ५२ आरोहीले अनुमति पाएका छन् । हालसम्म ५५ देशका आरोही सगरमाथा आरोहणका लागि आएका हुन् ।

निर्देशक गुरुङले आरोहीको संख्या पनि अघिल्लो वर्षकै हाराहारीमा आउने अपेक्षा गरिएको बताउनुभयो । अघिल्लो वर्ष हालसम्कै सर्वाधिक चार सय ७८ आरोहीले सगरमाथा आरोहण अनुमति लिएका थिए । उनीहरुबाट रोयल्टी रकम पनि बढ्ने विभागको अनुमान छ ।

गत वर्ष रु ७६ करोड रोयल्टी रकम जम्मा भएको थियो । यस वर्ष रु ५६ करोड रोयल्टी उठिसकेको छ । थप पाँचदेखि सात करोड रोयल्टी जम्मा हुने अनुमान गरिएको निर्देशक गुरुङले बताउनुभयो ।

विभागका अनुसार सगरमाथासहितका विभिन्न २४ हिमाल आरोहणको अनुमति बापत् हालसम्म रु ५६ करोड ४० लाख ३१ हजार एक सय ८१ रोयल्टी जम्मा भएको छ । यसमध्यै सगरमाथाबाट सर्वाधिक रोयल्टी उठेको हो । “यो यामको सगरमाथा आरोहण उत्साहजनक देखिएको छ, रोयल्टी रकम पनि अघिल्लो वर्षकै हाराहारी हुने विभागको अपेक्षा छ”, निर्देशक गुरुङले भन्नुभयो, “सगरमाथा आरोहीको संख्या वैशाख ७ गतेसम्म तीन सय ५२ पुगिसकेको छ । अब तीनदेखि चार वटा अनुमति होला, त्यस हिसाबले हेर्दा चार सयभन्दा बढी आरोही पुग्ने देखिन्छ ।”



विभागको विवरणमा सगरमाथापटि ल्होत्से हिमालबाट रु एक करोड ७२ लाख ५८ हजार नौ सय २२ र मकालु हिमालबाट रु एक करोड ७७ लाख ४८ हजार रोयल्टी प्राप्त भएको छ । पर्वतारोहणसम्बन्धी नियमावली २०५९ अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणमा जानेबाट प्रतिव्यक्ति विदेशीलाई रु ११ लाख दस्तुर लाग्छ । नेपालीले रु ७५ हजार तिर्नुपर्छ । विदेशीले एक पटक सगरमाथा आरोहण गर्दा कम्तीमा रु ३० लाखदेखि रु एक करोडसम्म खर्च गर्छन् । मुलुकको पर्यटनको महत्वपूर्ण आधार मानिने पर्वतारोहण राजस्व आम्दानीका हिसाबले पनि सबैभन्दा धेरै हिमालबाटै रोयल्टी उठ्छ । वसन्त ऋतु आरोहणका लागि उपयुक्त याम मानिन्छ । यस याममा सगरमाथा आरोहण गर्न विभिन्न मुलुकबाट सर्वाधिक संख्यामा आरोही आउछन् । सेभेन समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङ्मा शेर्पाले आफ्नो कम्पनीमार्फत यस याममा पनि धेरै संख्यामा आरोही आएको बताउनुभयो । वरिष्ठ पर्यटन व्यवसायी आङछिरिङ शेर्पा पनि बाक्लो संख्यामा आरोही आइरहेको र यसले नेपालको पर्यटनमा उत्साह जगाएको बताउनुहुन्छ ।

सगरमाथा, मकालु, अन्नपूर्ण, कञ्चनजङ्घा, धौलागिरि, ल्होत्से अमादब्लम, जुगललगायत हिमाल आरोहणका लागि आरोही हिमालतिर लागेका हुन् । यस यामको सगरमाथा आरोहणका लागि दोस्रो शिविरसम्म बाटो खुलिसकेको विभागले जनाएको छ । सगरमाथाको चुचुरोसम्म बाटो खुलाउन शेर्पा आरोही डोरी टाँग्ने (रोप फिक्सिङ)का लागि सगरमाथा क्षेत्रमा खटिएका हुन् । सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समितिले बाटो बनाएको छ । यस्तै दोस्रो शिविरदेखि चुचुरोसम्म रोप फिक्सिङ गर्ने जिम्मा सेभेन समिट ट्रेक्सले पाएको छ ।रासस

# बाँकेमा दुई सय ६५ घरेलु उद्योग बन्द

राँझा । बाँकेमा चालु आर्थिक वर्षको नौ महिनामा दुई सय ६५ घरेलु तथा साना उद्योग बन्द भएका छन् ।

कार्यालयमा गएर आधिकारिकरुपमा बन्द गराउनेको संख्या कम रहे पनि नवीकरण हुन नसकेका एक सय ६५ उद्योग खारेजीमा परेको घरेलु तथा साना उद्योग कार्यालय बाँकेका सूचना अधिकारी काशीलाल अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार बन्द हुनेमा उद्योगभन्दा वाणिज्य फार्म बढी रहेका छन् । एक सय पाँच उद्योगतर्फ र एक सय ६० वाणिज्यतर्फका फर्म बन्द भएका हुन् । उद्योग व्यवसाय बन्द गराउँदा उद्योगी/व्यवसायीले आफ्नो घरायसी कारण देखाउने गरेका छन् ।

बाँकेमा गत आर्थिक वर्ष २०७९/८० मा एक सय ६० घरेलु तथा साना उद्योग बन्द भएका थिए । यस वर्ष गत वर्षको तुलनामा धेरै उद्योग व्यवसाय बन्द भएका छन् । यस वर्ष चालु आर्थिक वर्षको चैतसम्म नौ महिनाको अवधिमा उद्योगतर्फ चार सय ३४ र वाणिज्यतर्फ तीन सय ७३ गरी आठ सय सात घरेलु तथा साना उद्योग दर्ता भएको सूचना अधिकारीले जानकारी दिनुभयो ।

बाँकेमा चैत मसान्तसम्म उद्योगतर्फका छ सय ३१ र वाणिज्य फार्म एक हजार एक सय ५० गरी एक हजार सात सय ८१ घरेलु तथा साना उद्योग नविकरण भएका छन् । कोभिड-१९ को असर, बैंकको ब्याज वृद्धि हुनु, आर्थिक तरलतालगायत कारणले उद्योग तथा वाणिज्य फार्म बन्द हुनेक्रम बढेको नेपाल घरेलु तथा साना उद्योग महासङ्घ बाँकेका अध्यक्ष मधु खड्काले बताउनुभयो । उहाँका अनुसार यसरी व्यवसाय बन्द भएपछि अहिले बजारमा व्यावसायिक सटर खाली भएका छन् । कैयौं उद्योगी व्यवसायी नेपालगञ्जबाट विस्थापित हुन पुगेका छन् ।रासस

# महिलाद्वारा सीप सिकेर गाउँमै सेनेटरी प्याड उत्पादन

गोरखा । सहिदलखन गाउँपालिकाका विपन्न तथा सिमान्तकृत महिलाले समूहमा मिलेर गाउँमै सेनेटरी प्याड उत्पादन गर्न सुरु गरेका छन् ।

व्यावसायिक सीपमूलक तालिमबाट सिकेर महिलाले सामूहिकरुपमा लगानी गरी प्याड उत्पादन गर्न थालेको सहिदलखन-५ स्थित नवपालुवा कोसिस महिला समूहका अध्यक्ष गीता परियारले जानकारी दिनुभयो ।“नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान) ले प्रदान गरेको सेनेटरी प्याड बनाउने तालिम लिएपछि गाउँमै प्याड उत्पादन गर्न सकिन्छ भन्ने लाग्यो”, उहाँले भन्नुभयो, “तालिमसँगै वडा कार्यालय र एड्वानकोसमेत आर्थिक सहयोगमा समूहमा आबद्ध महिलाले पनि लगानी गरेर आवश्यक मेसिन खरिद गरी प्याड उत्पादन गर्न सुरु गरिएको हो ।”



उद्योगबाट नवपालुका कोशिस महिला समूहमा आबद्ध २१ महिला प्रत्यक्षरुपमा आयआर्जनसँग जोडिन पुगेको उहाँको भनाइ छ । उद्योगमा उत्पादन गरिएका प्याड स्थानीय बजारमा बिक्री गर्नसमेत थालिएको छ । “भर्खरै मात्र उत्पादन थालेकाले उत्पादन भएजति सबै बजारमा बिक्री हुने गरेको छ”, परियारले भन्नुभयो, “अहिलेसम्म उद्योगमा करिब दुई हजार थान प्याड उत्पादन गरिसकिएको छ, सबै स्थानीय बजारमा नै खपत भएको छ । कतिपय स्थानीय व्यापारीले उद्योगमै आएर पनि बिक्रीका लागि किनेर लैजान थालेको उहाँको भनाइ छ ।

“फागुन महिनामै उत्पादन सुरु गरी बजारमा पठाउने तयारी भए पनि प्याडको बाहिरी प्याकेट आउन अलि ढिलो भयो”, उहाँले भन्नुभयो, “उत्पादन माघ महिनाबाट नै सुरु गरिएको हो ।” उद्योगमा जोडिएका समूहका सदस्य पालैपालो उद्योगको काममा खटिने गरेको उहाँको भनाइ छ ।प्याकिङका लागि तयारी अवस्थामा रहेको प्याड पनि केही दिनमै प्याकेटमा राखेर बजार पठाउने तयारी भइरहेको छ । समूहले ठूलोमात्रा प्याड उत्पादन गरी त्यसको बजार व्यवस्थापन गर्न गाउँपालिकासँग पनि आवश्यक समन्वय गरिरहेको परियारले जानकारी दिनुभयो ।

उद्योगमा अहिले प्रयोग गरिएको मेसिनले प्रतिमिनेट ३० थान सेनेटरी प्याड उत्पादन गर्नसक्ने उहाँको भनाइ छ । “नियमितरुपमा उत्पादन गर्न सकियो भने जिल्लाभित्रका अन्य पालिकामा पुर्‍याउन सक्छौं भन्ने लागेको छ”, परियारले भन्नुभयो, “तत्कालका लागि सेनेटरी प्याडको बाहिरी प्याकेट चितवनबाट छपाइ गरेर ल्याउने गरेका छौं ।”उत्पादित प्याड परीक्षणका लागि बजारमा रु ५० प्रतिप्याकेटका दरले बिक्री गर्न थालिएको छ ।रासस


## जनकपुरधाम उप–महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०१/०९**

यस कार्यालय बाट तपशिलका खरिद कार्यका लागि प्रकाशित बोलपत्र सम्बन्धि सूचना बमोजिम रित पुर्वक ई विडिङ्ग बाट प्राप्त भएको बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मुल्यांकित बोलपत्रदाताको नाम र ठेगाना | भ्याट बाहेक कबोल रकम ने.रु |
|---|---|---|---|---|
| 1 | Procurement of Masland and Office Items | NCB/01-2080/81 GoodsJSMC | Salaghari Enterprises, Mahalaxmi-5, Tikathali Lalitpur | 12,63,205\|- |
| 2 | Procurement of Printing Items | NCB/02-2080/81 GoodsJSMC | Aman Media service, Thapa Chowk Janakpurdham-09, Dhanusha | 12,14,600\|- |

प्रमुख प्रशासकीय अधिकृत

# रातु तटमा पक्की कुलो बन्ने भएपछि किसान खुशी



**टुडे समाचारदाता**

जलेश्वर। बर्दिबास ३ स्थित रातु खोलाको तटवर्ती क्षेत्रमा सिंचाई कुलो निर्माण हुने भएको छ। मधेश प्रदेश सिंचाई डिभिजन कार्यालयको सहयोगमा निर्माण हुने कुलोको वडाध्यक्ष विराट विस्टले किसानको सहभागितामा शिलान्यास गरे।

लामो प्रतिक्षापछि रातुको पश्चिमी तटमा पक्की कुलो बन्ने सुनिश्चित भएपछि यहाँका किसानमा खुसियाली छाएको छ। बर्दिबास ३ निवासी तथा किसान महासंघका केन्द्रीय सदस्य ललित बुढाथोकीका अनुसार रातुको पश्चिमी तटमा १५० किसान परिवारका ९६ बिघा जग्गा छन्। पक्की कुलो नहुँदा छेउबाटै बगेर जाने पानीलाई सिंचाईका लागि उपयोग गर्न समस्या थियो। किसानले अस्थायी बाँध बाँधेर जसोतसो काम चलाए पनि त्यो भरपर्दो र टिकाउ थिएन। पटक पटक बाँध भत्कने समस्याले किसान हैरान थिए। पक्की कुलो निर्माण हुने भएपछि सिंचाई समस्या सदाका लागि टरेर जाने अपेक्षा जगाएको बुढाथोकीले जनाए।

उक्त कुलोको अध्यक्ष तथा पुराना कृषक देवीप्रसाद देवकोटाकाअनुसार पक्की कुलो यहाँका किसानको पुरानो सपना थियो। किसानले लामो समयदेखि यसको आवश्यकता औंल्याउदै आए पनि यसअघि कसैले सुनुवाइ नगरेको उनले विगत सम्झे।

वडाध्यक्ष विराट विस्टले रातुको पश्चिमी तटका जग्गामा सिंचाईका लागि कुलो बन्न लागेको बताए। उपासना कंट्रकसनले आठ करोडमा ठेक्कासमेत सकार गरिसकेकोले निर्धारित समयमै निर्माण सम्पन्न हुने प्रकृया अघि बढाइएको वडाध्यक्ष विस्टले बताए।

# आधुनिकताले किसानलाई सहज

## कृषि मजदुर अभाव



टुडे समाचारदाता

गौर। कृषि मजदुरको अभावले गर्दा रौतहटका अधिकांश किसानले समयमा गहुँबाली भित्र्याउन पाएका छैनन्। कृषि मजदुर भई जिल्लामा निरन्तर रुपमा ज्याला बनी गर्न नपाएपछि मजदुरीकै लागि बाहिरिएका मजदुर नफर्किएपछि किसानले समयमा गहुँ बाली भित्र्याउन पाएका छैनन्।

गुजरा नगरपालिका-५ का किसान शङ्कर चौधरीले खेतमा गहुँ पाकेर झुरिएको अवस्थामा छ। गहुँ काट्ने किसान नभेटिएको कारण झुरिएको गहुँ खेत मै झर्न लागिसक्यो। अधिकांश किसानको गहुँबाली एकै पटक पाक्नु र मजदुर पर्याप्त नहुनुले पनि बाली भित्र्याउन समस्या परेको बताए।

जिल्लामा उपलब्ध कृषि मजदुर अपर्याप्त भएपछि सम्पूर्ण किसानले समयमा बाली भित्र्याउन सकेका छैनन्। माधवनारायण नगरपालिका सखुअवाका किसान जयकान्त यादवले चार बिघा जमिनमा लगाएको गहुँबाली अहिलेसम्म भित्र्याउन सकेका छैन। उनी गहुँ काट्ने मजदुरको खोजीमा छन्। उनी भन्छन्-'गहुँ काट्न पाइयो भने चुट्न को लागि मेशिन उपलब्ध छ गाउँमा। अब एक-दुई दिनमा मेरो पालो आउँछ अनी काटाइ सुरु हुन्छ।

यस्तै, समस्या जिल्लाका अन्य स्थानमा पनि छ। खेति गर्न मजदुरको अभाव, आधुनिक कृषि यन्त्रको अभाव, समयमा उन्नत मल र बिऊको अभाव, सिँचाईको अभावले गर्दा किसान कृषि पेशादेखि निरुत्साहित बनेका छन्।

कृषि ज्ञान केन्द्र रौतहटका निमित्त प्रमुख सुरेन्द्रप्रसाद कुर्मीले जिल्लामा केही योग्य जमिन ५४ हजार हेक्टर रहेको बताउदै जसमध्ये करिब २३ हजार हेक्टर जमिनमा गहुँबाली लगाइएको जानकारी दिए। उनका अनुसार हाल जिल्लामा करिब ८० प्रतिशत गहुँबाली भित्रिसकेको छ। किसानले समयमा गहुँबाली भित्र्याउन नसक्नुको विभिन्न कारणमध्ये प्रमुख कारण कृषि मजदुरको अभाव पनि रहेको बताए।

## मेसिनलाई भ्याइ नभ्याइ



**टुडे समाचारदाता**

राजविराज। तराई मधेशका जिल्लामा यतिबेला किसानलाई गहुँ बाली भित्र्याउने चटारो परेको छ। सप्तरी लगायत तराई मधेशका किसानले अहिले आ-आफ्ना खेतमा पाकेर भित्र्याउने बेला भएको गहुँ बाली धमाधम काटेर थ्रेसर लगाउन सुरु गरेका छन्।

यो वर्ष गहुँ उत्पादन अरु वर्षको तुलनामा कमी आएको किसानहरु बताउँछन्। महादेवा गाउँपालिका-२ का किसान दिपेन्द्र माझीका अनुसार केही दिनदेखि सुक्खा हावा धेरै चलेकाले गहुँ बाली चाँडै पाकेको बताउछन्। उनी भन्छन्, "गहुँ छरेपछि पानी पर्नै सकेन। त्यसैले यस वर्ष उत्पादनमा सन्तोषजनक मात्रै छ। फलेको गहुँ पनि मुसाले खाएर धेरै क्षति गर्न थालेपछि किसानलाई गहुँ भित्र्याउन हतार भएको छ। यहाँका प्रत्येक खेतीयोग्य फाँटमा गहुँ काट्ने मजदुर र किसान व्यस्त देखिन्छन्। केही किसानले गहुँ काट्न मेसिन प्रयोग गर्न थालेका छन् तर सबै किसानको पहुँचमा मेसिन पुग्न सकेको छैन।"

अधिकांश किसानले आफैं तथा कतिपयले मजदुर लगाएर गहुँ काट्ने गरेका छन्। गहुँ झार्न भने किसानको खेत खेतमै थ्रेसर पुग्ने गरेको छ। सप्तरीमा २९ हजार ४ सय हेक्टरमा गहुँ खेती हुने गरेको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ। कार्यालयका निमित्त प्रमुख किसुनदेव राउतले १८ वटै पालिकामा धमाधम गहुँ भित्र्याउने क्रम चलिरहेकाले उत्पादन परिमाण प्राप्त हुन बाँकी रहेको बताए।

कृषि ज्ञान केन्द्रका प्रमुख राउतले अहिले सबै तिरका किसानले धमाधम गहुँ भित्र्याएका छन्। के कति परिमाणमा उत्पादन भयो भन्ने विवरण पालिकाको कृषि शाखाले पठाइसकेका छैनन्।

जिल्लामा अघिल्ला वर्षहरूमा वार्षिक ६० देखि ६२ हजार मेट्रिक टन गहुँ उत्पादन हुने गरेको थियो।

# डा.यादव सम्मानित



**टुडे समाचारदाता**

काठमाण्डु।राष्ट्रिय ट्रमा प्रतिष्ठान काठमाण्डुका निर्देशक डा.प्रमोद कुमार यादवलाई शनिवार सम्मान गरिएको छ।

डा.यादव तेस्रो पटक ट्रमा प्रतिष्ठानका निर्देशकमा नियुक्त भएका हुन।उनलाई यदुवंशी समाज इमाडोलले सम्मान गरेको छ।

डा.यादव प्रादेशिक अस्पतालको प्रमुखको रुपमा पनि केहि वर्ष काम गरिसकेका छन्।उनलाई स्वास्थ्य मन्त्रालयले ट्रमा प्रतिष्ठानको नेतृत वगर्ने जिम्मेवारी दिएको छ।

यदुवंशी समाजका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा वरिष्ठ उपाध्यक्ष ई.दशरथ यादव, उपाध्यक्ष सुरेन्द्र नारायण यादव, महासचिव जिवछ यादव, सचिव ई.उपेन्द्र यादव, कोषाध्यक्ष ई.ईन्द्रदेव यादव, सदस्यहरु मनोज कुमार यादव, सञ्जिव कुमार यादव, सुधाशुं कुमार यादव, जगदेव यादव, ई.भगु यादव, राम प्रसाद राय यादव, श्रीमती बोबिता कुमारी, ई.नन्दकिसोर यादव, निरज कुमार यादव लगायतका सहभागिता रहेको थियो।

यदुवंशी समाजले आपसी सहयोग, सदभाव र सामुहिक हितका लागि काम गर्छन्।

# वीरगञ्ज भन्सारद्वारा आठमहिनामा एक खर्ब १४ अर्ब राजस्व सङ्कलन

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको हालसम्ममा रु एक खर्बभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको छ।

चालु आर्थिक वर्षको साउनदेखि चैतसम्ममा कार्यालयले रु एक खर्ब १४ अर्ब १६ करोड राजस्व सङ्कलन गर्न सफल भएको हो। चालु आवको नौ महिनाका लागि भन्सार विभागले रु एक खर्ब ८१ अर्ब ९९ करोडको लक्ष्य निर्धारण गरेको थियो। कार्यालयले लक्ष्यभन्दा रु ६७ अर्ब ८२ करोड कम राजस्व सङ्कलन गरेको छ। विश्व आर्थिक मन्दीको प्रभावले राजस्वको लक्ष्य हासिल गर्न नसकिएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी प्रकाश सुवेदीले जानकारी दिए। उनले सवारी साधन तथा इन्धनको आयातमा आएको कमीले राजस्व सङ्कलनलाई प्रभावित गरेको बताए।

गत आवको तुलनामा चालु आवभित्र कारोबारमा केही सुधार देखिए पनि कोरोनाकाल अगाडिको अवस्थामा फर्किन नसकेको अधिकृत सुवेदीले जानकारी दिए। उनले गत आवको नौ महिनाका लागि विभागले दिएको लक्ष्याको तुलनामा ६० प्रतिशत मात्र राजस्व सङ्कलन भएको बताए।

# विद्यालय भवनको शिलान्यास



**टुडे समाचारदाता**

जनकपुरधाम। भारत सरकारको सहयोगमा दार्चुला जिल्ला स्थितका गलैनाथ माध्यमिक विद्यालय भवनको शिलान्यास शनिवार गरिएको छ। शैल्यशिखर नगरपालिकाका मेयर बिजय सिंह धामी र भारतीय राजदूतावास काठमाण्डुका द्वितिय सचिव प्रशान्तकुमार सोनाले नेपाल-भारत विकास सहकार्य अन्तर्गत भारत सरकारको २.७३ करोडको आर्थिक सहयोगमा सो भवन निर्माण हुने जनाइएको छ।

सो सहयोगबाट दुई तल्ले विद्यालय भवन, शौचालय, कार्यालय भवनको निर्माण र फर्निचरमा खर्चिने जनाइएको छ। भारत सरकार र नेपाल सरकार बीच भएको सम्झौता अन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइने र दार्चुलाको शैल्यशिखर नगरपालिका मार्फत कार्यान्वयन गरिने जनाइएको छ।

कार्यक्रममा सो नगरपालिकाका मेयर धामीले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उन्नतिका लागि भारत सरकारले पुर्‍याउँदै आएको निरन्तर विकास सहयोगको प्रसंसा गरेका थिए।

सन २००३ यता भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा ५५१ वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएको छ र ४ सय ८९ वटा परियोजना सम्पन्न गरिएको जनाएको छ। यि मध्ये सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा ४० वटा परियोजना रहेका छन् जसमा १० वटा परियोजना दार्चुलामा छन्। यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई १०० ९ वटा एम्बुलेन्स र तीन सय वटा स्कूल बस उपहार स्वरुप प्रदान गरिसकेको छ जसमध्ये सुदूरपश्चिम प्रदेशलाई ६० वटा एम्बुलेन्स र २० वटा स्कूल बस उपहार स्वरुप प्रदान गरिएको छ। यसमा ८ वटा एम्बुलेन्स र दुई वटा स्कूल बस दार्चुला जिल्लालाई उपलब्ध गराइएको छ।

# दुई सातासम्म ७ घण्टा बत्ती काटिने

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको मलंगवा वितरण केन्द्र अन्तर्गतको क्षेत्रमा शनिवारबाट दैनिक ७ घण्टा बत्ती काट्न सुरु गरिएको छ।

नवलपुर-मलंगवा ३३ केभी लाइनको पुरानो तार हटाई नयाँ तार जडानका लागि शनिवारदेखि आगामी २२ गतेसम्मका लागि बिहान ७ बजेबाट दिउँसो २ बजेसम्म बत्ती काट्न सुरु गरिएको छ। चर्को गर्मीमा यसरी घण्टौँ बत्ती काटिँदा स्थानीय प्रभावित बनेका छन्।

मलंगवा वितरण केन्द्र अन्तर्गतका क्षेत्रमा यसअघि पनि प्रशारण लाइन निर्माण तथा तार फेर्न भन्दै हप्तौँसम्म दिनभर बत्ती काट्न गरिएको थियो। विद्युत् प्रवाहमा अन्य वितरण केन्द्र भन्दा मलंगवा वितरण केन्द्रमै बढी समस्या छ।

अन्य क्षेत्रको तुलनामा मलंगवा वितरण केन्द्र अन्तर्गतको क्षेत्रमा बढी लापरवाही रहेको ग्राहकहरुले गुनासो गर्ने गरेका छन्।

# नवलपुरमा स्वास्थ्य चौकी भवनको शिलान्यास

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको लालबन्दी नगरपालिका १ नवलपुरमा स्वास्थ्य चौकी भवनको शिलान्यास गरिएको छ।

नवलपुरस्थित सर्पदंश उपचार केन्द्रसँगै बन्ने स्वास्थ्य चौकी भवनको पूर्व मन्त्री शम्भुलाल श्रेष्ठ र लालबन्दी १ का वडाध्यक्ष हरिबहादुर भट्टराईले संयुक्त रुपमा शिलान्यास गरेका छन्। दुई कोठे स्वास्थ्य चौकी भवन निर्माणका लागि मधेश प्रदेश सरकारले २० लाख रुपैयाँ बजेट विनियोजन गरेको वडाध्यक्ष भट्टराईले बताए।



उनका अनुसार स्वास्थ्य चौकीको पर्खाल निर्माणका लागि थप १० लाख रुपैयाँ बजेट प्राप्त भएको छ। नवलपुरमा नेत्रगन्ज स्वास्थ्य चौकी सर्पदंश उपचार केन्द्रको भवनबाट संचालन भइरहेको छ। आफ्नै भवन निर्माण भएपछि स्वास्थ्य चौकी आफ्नै भवनमा सारिने छ। लालबन्दी १ मा अहिले वडा कार्यालय भवनको पनि अभाव रहेको वडाध्यक्ष भट्टराईले बताए।

# हरवाचरवा अधिकार मञ्चद्वारा घोषणापत्र जारी, नयाँ नेतृत्व चयन

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको तेस्रो राष्ट्रिय सम्मेलनले नयाँ नेतृत्व चयन गर्दै १७ बुँदे घोषणा-पत्रसमेत जारी गरेको छ।

शनिबार जनकपुरधाममा सम्पन्न भएको सम्मेलनबाट मुक्त हरवाचरवाहरूको पुनःस्थापनासम्बन्धी कार्यविधि र कार्ययोजनालाई अविलम्ब पारित गरी लगत संकलन, प्रमाणिकरण र परिचयपत्र वितरणलगायत काम सुरु गर्न माग गरेको छ।

सो सम्मेलनबाट मुक्तिको घोषणा गरिए पनि पुनःस्थापनामा ध्यान नदिएको भन्दै तत्काल पुनःस्थापनाको काम गर्नका संघ, प्रदेश र स्थानीय तहको सरकारलाई आग्रह गरेको छ।

सम्मेलनले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले तयार गरी अर्थमन्त्रालयमा पठाएको पुनःस्थापनासम्बन्धी कार्यविधि, कार्ययोजना पारित गर्न र मुक्त हलिया, कमैया-कम्लहरी तथा हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिले सरकारसमक्ष पेस गरेको सिफारिससहितको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न माग गरेको छ।



हरवाचरवालाई न्युनतम १० कट्ठा जमिन, वैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीविहीन हरवाचरवालाई तीन महिना, छ महिना र लामो अवधिका सीपमूलक तालिम, एक लाख रुपैयाँको बीउ, पुँजी र आवश्यक औजार प्रदान गर्नसमेत उनीहरुले माग गरेको छ।

मुक्त हलिया, कमैया, कम्लहरी र हरवाचरवाहरूका समस्याहरूको दिगो समाधान गर्न, पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी बनाउन र बाध्यकारी श्रमलाई कानुनी रुपमा सधैका लागि निषेध गर्न एकीकृत बाध्यकारी श्रम निषेध ऐन बनाउन सो सम्मेलनबाट माग गरेको छ।

त्यस्तै सो सम्मेलनको बन्दसत्रबाट दशनलाल मण्डलको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति चयन गरेको जनाइएको छ। सो समितिको उपाध्यक्षमा श्रीप्रसाद सदा, महासचिवमा लागिन्द्र सदा, सचिवमा मोहमद कासीम मिया र विगनेस पासवान तथा कोषाध्यक्षमा राजवती मण्डल रहेका छन्।

त्यस्तै केन्द्रीय सदस्यहरूमा सुमित्रा खङ्ग, गीतादेवी सदाय, तेतरीदेवी माझी, सोनिया माझी, रामसखीदेवी खच्चे (मण्डल), ठकनीदेवी राम, अली मोहमद नदाफ, श्यामसुन्दर सदा, मधु सदा, देवेन्द्र राम, खुबलाल राम, दली माँझी, धनमन्ती राम, गोलीयादेवी राम, उपेन्द्र दास रहेको जनाएको छ। रित्त रहेका चार सदस्य कार्यसमितिले मनोनित गर्ने मञ्चले जनाएको छ।

**लोकतन्त्रको उपलब्धिको रक्षा गरौ।**

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८